# चन्द्रागिरी नगरपालिका, वडा नं. २१ पुरानो नैकापमा बसोबास गर्ने महिलामा हुने घरेलु हिंसाको एक अध्ययन

समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि
आशिंक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरिएको शोधपत्र


प्रस्तुतकर्ता
गीता कुमारी गजुरेल
रजिस्ट्रेशन नं: २१५८८-९०
रोल नं.४५९/०६७

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रिय विभाग
काठमाडौ, किर्तिपुर, २०७३

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा समाजशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**किर्तिपुर, काठमाडौँ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नात्तकोत्तर तहको उपाधिको लागि आंशिक आवश्यकता पुरा गर्ने उद्येश्यले प्रस्तुत चन्द्रागिरी नगरपालिका, वडा न.२१ पुरानो नैकापमा बसोबास गर्ने महिलामा हुने घरेलु हिंसाको अध्ययन विषयक शोधपत्र गीताकुमारी गजुरेलले मेरो निर्देशन, सुझाव तथा सुपरिवेक्षणमा रहि तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु । अतः शोधपत्रको अन्तिम मूल्यांकनको लागि म सिफारिस गर्दछु ।

........................................

उप प्राध्यापक श्री राम के.सी. ज्यू

शोधनिर्देशक

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा समाजशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**किर्तिपुर, काठमाडौँ**

## स्वीकृती पत्र

चन्द्रागिरी नगरपालिका, वडा न.२१ पुरानो नैकापमा बसोबास गर्ने महिलामा हुने घरेलु हिंसाको अध्ययन शिर्षकमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र केन्द्रिय विभाग किर्तिपुरमा समाजशास्त्र विषयमा स्नात्तकोत्तर दोस्रो वर्षमा अध्ययन गर्ने गीता कुमारी गजुरेलले प्रस्तुत गर्नुभएको शोधपत्रलाई यस विभागद्धारा स्वीकृती प्रदान गरिएको छ ।

**मुल्यांकन समिति**

.....................................

प्रा. डा. तुलसीराम पाण्डे

विभागिय प्रमुख

........................................

उप प्राध्यापक राम के. सी.

शोधनिर्देशक

........................................

टीकाराम गौतम

बाह्य निर्देशक

मिति : २०७३/१२/२९

## दुई शब्द

त्रिभुवन विश्वविद्यालय मानविकी संकाय अर्न्तगत समाजशास्त्र तर्फको स्नातकोत्तर तहको अध्ययन पुरा गर्ने क्रममा आवश्यकता पुर्तीका लागि चन्द्रागिरी नगरपालिका वडा नं. २१, पुरानो नैकापमा बसोबास गर्ने महिलाहरुमा हुने घरेलु हिंसाको एक अध्ययन विषयमा यो शोधपत्र तयार गरी पेश गरेको छु ।

यो शोधपत्र तयार गर्ने क्रममा पुरानो नैकापमा बसोबास गर्ने महिलाहरुमा हुने विभिन्न किसिमका हिंसा मध्ये घरेलु हिंसाको अवस्थालाई विश्लेषण गर्ने प्रयास गरिएको छ । प्रस्तुत अध्ययनलाई मूर्त रुप दिन आफ्नो अति व्यस्त समयका बावजुद शोधपत्रको विषयवस्तु संरचना लगायत सम्पुर्ण पक्षहरुमा निरन्तर अमुल्य सुझाव एंवम् निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु श्री राम केसीज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।
त्यस्तैगरि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा यो शोधपत्र तयार गर्नमा सहयोग पुर्‍याउनु हुने मित्रहरु प्रति आभार व्यक्त गर्न चाहन्छु ।
अन्त्यमा, यो गहन विषयवस्तुलाई लिएर शोधपत्र तयार गर्नु अवश्य नै चुनौतीपूर्ण कार्य हो । शोधपत्र तयारीको अन्तिम चरणसम्म आइपुग्दा गल्ती कमजोरीहरुलाई टाढै राख्ने प्रयास गर्दागर्दै पनि अञ्जानमा भएका गल्ती कमजोरी र कुनै विषयवस्तुको रिक्तता हुन गएको भए म ती कमजोरीहरुलाई पुन दोहरिन नदिन प्रतिवद्धता व्यक्त गर्दछु ।
धन्यवाद ।

................

गीता कुमारी गजुरेल

## विषयसुची


| | |
|---|---|
| **अध्याय एक** | **पेज नं.** |
| **परिचय** | **१ - १२** |
| १.१ पृष्ठभुमी | |
| १.२ समस्याको कथन | |
| १.३ अध्ययनको उद्येश्य | |
| १.४ अध्ययनको महत्व | |
| १.५ अध्ययनको संगठन | |
| **अध्याय दुई** | **१३ - २९** |
| **पूर्वसाहित्यको पूनरावलोकन** | |
| २.१ सैद्धान्तिक दृष्टिकोण | |
| २.२ नेपालमा महिला हिंसासम्बन्धि पूर्वअध्ययनको समिक्षा | |
| २.३ अवधारणात्मक ढाँचा | |
| **अध्याय तिन** | **३० - ३५** |
| **अनुसन्धान पद्धति** | |
| ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य | |
| ३.२ अनुसन्धान ढाँचा | |
| ३.३ अध्ययनको ईकाई समग्रता र नमुना छनौट | |
| ३.४ तथ्यांकको स्रोत तथा प्रकृति | |
| ३.५ तथ्यांक संकलन विधी | |
| ३.५.१ अन्तवार्ता | |
| ३.५.२ अवलोकन | |
| ३.५.३ प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता | |
| ३.६ तथ्यांकको विश्लेषण र प्रस्तुतीकरण | |
| ३.७ अध्ययनको सिमा | |
| **अध्याय चार** | **३६ - ४६** |
| **अध्ययन क्षेत्रको सामान्य परिचय** | |
| ४.१ भौगोलिक अवस्थिती | |
| ४.२ हावापानी | |
| ४.३ जातजाती | |
| ४.४ भौतिक सुविधाहरु : | |
| ● शिक्षा र स्वास्थ्य | |
| ● यातायात | |
| ● सूचना तथा सञ्चार | |

४.५ कृषि
४.६ व्यवसाय
४.७ धर्म र संस्कृति
४.८ घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरु
४.८.१ घरधुरी जनसंख्याको उमेर र लैंङ्गिक संरचना
४.८.२ परिवारको किसिम
४.८.३ घरधुरी जनसंख्याको वैवाहिक स्थिती
४.८.४ घरधुरी जनसंख्याको शैक्षिक अवस्था
४.८.५ घरधुरी जनसंख्याको पेशागत विवरण
**अध्याय पाँच** **४६-५०**
**उत्तरदाताको सामाजिक, आर्थिक, शैक्षिक विवरण**
५.१ उत्तरदाताको सामाजिक, आर्थिक, शैक्षिक विशेषताहरु
५.१.१ उत्तरदाताको उमेर
५.१.२ उत्तरदाताको उमेरगत विवरण
५.१.३ उत्तरदाताको वैवाहिक उमेर
५.१.४ उत्तरदाताको शैक्षिक अवस्था
५.२ **आर्थिक अवस्था**
५.२.१ उत्तरदाताको पेशागत विवरण
**५१ - ५०**
**अध्याय छ**
**महिलाले भोगेका घरेलु हिंसा, हिंसाको प्रकार र कारणहरु**
६.१ च.न.पा. २१ का महिलाहरु माथि हुने घरेलु हिंसा सम्बन्धि महिलाहरुको धारणा
६.२ महिलाहरु माथि हुने घरेलु हिंसाका प्रकारहरु
६.३ महिला माथि हिंसा हुनुका कारणहरु
६.४ महिलामाथि हिंसा हुनुका प्रमुख कारण
६.५ **महिलाले हिंसा सहनुको कारण**
६.५.१ महिलाले हिंसा सहेर बस्नुको मुख्य कारण

**अध्याय सात** **६० - ६५**
**साराशं तथा निष्कर्ष**
७.१ साराशं
७.२ निष्कर्ष

- **प्रश्नावली**

- **सन्दर्भसामाग्री**

## परिच्छेद १

## परिचय

### १.१ पृष्ठभूमि

विश्वको कूल जनसख्याको आधाभन्दा बढी जनसख्या महिलाहरुको रहेको छ । जसले कुनैपनि राष्ट्र, समाज वा समुदायको विकासमा महत्वपूर्ण भूमिका निभाएको पाइन्छ । यस संसारमा मानव जातिको सृष्टि नारीबाट भएको हो । महिला र पुरुष रथका दुइ पाङ्ग्रा हुन् । एक अर्का बिना घर परिवार देखि समाज र राष्ट्रपनि अगाडि बढ्न सक्दैन भन्ने हिजोको १८ औं शताब्दीको जस्तो अशिक्षा र अज्ञानताले गाजिएको समयमा मान्यता रहेकोमा आजको २१ औं शताब्दीमा साक्षर अभियान उकालो चढिरहेको अवस्थामा पनि महिला र पुरुष बिचमा हुने जैविक भिन्नताकै आधारमा महिलाको स्वतन्त्र अस्तित्व र पहिचान माथि गरिने जुनसुकै भेदभाव नै एक प्रकारको हिंसा हो । ‘‘जुन कुलमा स्त्रीहरु दुखित र शोकाकुल हुन्छन् ,त्यो कुल चाँडै नाश हुन्छ । (मनुस्मृति,अध्याय २, पेज ५७ ) हिन्दु धर्मशास्त्र अनुसार नारीको सृष्टि ब्रम्हाको बाँया अङ्ग भएको हो भने भनाई रहेको छ र पुरुष र नारी दुवैको सृष्टि एकै दिनमा भएको थियो भन्ने भनाई पनि छ । क्रिश्चियनहरुको धर्मग्रन्थ बाइबलमा पनि आदम र इभ नामक पुरुष र नारी दुवै एकै समयमा सृष्टि गरिएको थिए ।

एउटा देशको विकासमा जति पुरुषको देन रहेको छ, नारीको पनि त्यतिकै देन रहेको हुन्छ । नारी र पुरुष एक अर्काका परिपूरक हुन् । मानव सिर्जनामा पुरुषको एक विन्दु र नारीको एक सागर पसिना बगेको हुन्छ । सृष्टिको शुरुवात देखि नै महिला र पुरुष दुवैले कामको बाँडफाँड गरेका छन् । पुरुष शारीरिक रुपले बलियो भएकाले उसले खानेकुरा खोजेर ल्याउने, शिकार गर्ने, आफ्नो परिवारको सुरक्षा गर्ने र पुरुषले खोजेर

ल्याएको खानालाई बनाई तुल्याई खुवाउने, बालबच्चाको हेरविचार गर्ने आदि हलुका काम गर्दथे । त्यसैले हरेक परिवार तथा सामाजिक संरचना त्यहाँ बसोबास गर्ने महिला र पुरुषको सयुंक्त योगदानबाट नै चलेको हुन्छ । एक विना अर्काको अस्तित्व सम्भव हुदैन । तर यसो हुदा हुँदै पनि हाम्रो समाजले महिलालाई दोस्रो दर्जाको रुपमा व्यवहार गरेको छ । अर्थात् समाजलाई अगाडि बढाउने रथका दुई पाङग्रा मध्ये एकको रुपमा नारी जगतलाई मानिदै आएपनि एक पाङग्राकै सहारामा मात्र खासगरी पुरुषको माध्यमबाट मात्र समाजलाई अघि बढाउने प्रयास गरीदै आएको पाइन्छ । तिनिहरुको स्वास्थ्य, सुरक्षा, शिक्षा, आर्जन, व्यक्तित्व विकास आदि पक्षमा ध्यान दिइएको पाईदैन । आर्थिक क्षेत्रतिर पनि महिलालाई भेदभाव गरीएको छ । एउटा आमाको कोखबाट जन्मिएको सन्तानमा यदि छोरा भए जन्म लिनासाथ पैतृक सम्पतिको उत्तराधिकारी हुन्छ तर छोरी भएमा अधिकारबाट वञ्चित हुन्छे । जबसम्म महिलाको योगदान र अस्तित्वलाई समाजले स्वीकार्दैन, तबसम्म समाज विकासको हरेक पक्ष पछि नै परेको हुन्छ । (आचार्य, १९८१) संसारभरि नै महिलाहरुले आफ्नो देशको विकासमा महत्वपूर्ण भुमिका निभाएका छन् । तर पनि लैंगिक भेदभाव नै महिला विरुद्ध हुने हिंसाको कारण र परिणत हो । हाम्रो जस्तो अल्पविकसित र कम साक्षरता भएको मुलुकमा सामाजिक र सास्कृतिक सरंचनाको प्रत्येक इर्काइमा हिंसाको प्रभाव हुनेहुन्छ वा पाइन्छ । घर-परिवार, समाज वा देशभरि जुनकुनै प्रकारबाट प्रताडित भई डर, चिन्ता वा रिस द्धेषका आधारमा नोक्सानी हुनु वा हानी नोक्सानी हुनु हिंसाको स्वरुप नै हो । हिंसा सर्व पक्षिय र सर्वव्यापी हुनसक्छ । त्यसैमा मानविय रुपहरु निर्माण हुन्छन् । सामान्यतया एउटा परिवार भित्र परिवारका एक सदस्यले अर्को सदस्यलाई मानसिक, शारीरिक र भावनात्मक रुपमा गरिने दवाव वा पिडालाई घरेलु हिंसा भनिन्छ ।( बालिका गिरी, कान्तिपुर दैनिक, फागुन २५ पेज ५ ) यस्तैखाले हिंसाबाट महिलाहरु

पिडित हुने गरेको पाइन्छ । जस्तै :

- शारीरिक हिंसा (कुटपिट गर्नु, जलाउनु, घाउचोट लगाउनु)
- मानसिक हिंसा (मानसिक रुपमा असर पर्ने खालका हिंसाहरु जस्तै चियो चर्चा, गाली गर्नु आदि)
- सामाजिक हिंसा (सामुहिक बलात्कार, बोक्सीको आरोप लगाउनु, समुहमा राखेर मलमुत्र सेवन गराउनु, दाइजो नल्याएको निहुँमा जिउदै जलाउनु)
- यौनजन्य हिंसा (महिलाको इच्छा विपरित गरिने यौन क्रियाकलाप जस्तै बलात्कार गर्नु, संवेदनशील अंगमा छुनु, देह व्यापारमा लगाउनु)
- आर्थिक हिंसा (महिलाको घरभित्रको कामको ज्याला नदिनु, घरको आर्थिक स्रोत तथा सम्पतिमा प्रतिबन्धित हुनु, घर बाहिर काम गर्न श्रीमान्को अनुमती लिनुपर्ने)

ससांरभरि नै महिलाहरुको आफनो देशको विकासमा महत्वपूर्ण भूमिका निभाएका छन् । उनीहरुले आफ्नो परिवारको हेरचाह गरेर, काम गरेर र आफनो व्यवसाय सञ्चालन गरेर आफ्नो देशको आर्थिक उन्नतिमा पनि योगदान गरेका छन् । उनिहरुले चिकित्सक, शिक्षक, कलाकार आदिको रुपमा काम गरेका छन् । महिलाहरु देशको राजनितिमा पनि सक्रिय रुपमा लागेका छन् । दुर्भाग्यवश नेपालजस्तो अविकसित देशमा पुरुष प्रधान समाजको अधिपत्यले गर्दा देशको समूचित विकास हुन पाएको छैन । धार्मिक परम्पराले महिलाहरुलाई दोस्रो दर्जाका नागरिक बनाउन सहयोग पुऱ्याएका छन् । शैक्षिक स्तर र महिलाप्रतिको दृष्टिकोण जस्ता कुराहरु महिलाको आत्मविश्वास बढाउन बा घटाउन सहयोग मानिन्छन् । नेपालमा पुरुषलाई सम्पतिको हकदार र परिवारको निर्णयकर्ताको रुपमा लिइन्छ । महिलाहरु प्राय: घरमै बस्ने, सरसपफाई गर्ने

खाना पकाउने र बालबच्चाहरुको हेरचाह गर्ने गर्दछन् । एउटा राम्रो परिवार हुनका लागी यी सबै पक्षहरु अति आवश्यक भए पनि महिलाहरुले गरेको यी कुनै कामलाई आर्थिक महत्वको रुपमा लिने गरिएको छैन । पुरुषको दाँजोमा महिलाहरु सधै नै पछि परेका छन् तर विश्वभरी नै महिलाहरुको स्थिति एउटै छ भन्न सकिदैन । (सुवेदी, १९९३) प्रायजसो घरायसी एवम् कृषिमा संचालन गराई अरुको घर जाने जात र पुरुषहरुको सेवा गर्ने सेवकको रुपमा लिइने र छोरीलाई परिवारको बोझ ठान्ने पुरानो मान्यतालाई आज पनि नेपाली समाजमा जरा गाडिनै रहेको छ । जबसम्म छोराछोरी बराबर हुन भन्ने मानसिकता परिर्वतन हुदैंन तबसम्म महिलाको स्थिति हरेक क्षेत्रमा पछि नै रहने छ । हिन्दु धर्ममा अविवाहित छोरीलाई अझ १० वर्ष मुनिका छोरीलाई देविका रुपमा पुज्ने तर विवाह पछि घरमा विभिन्न किसिमका लान्छना र अपहेलनाको परिस्थिती सृजना हुने गदर्छ ।

कुनैपनि परिवारका सदस्यले अरुप्रति मानसिक, शारीरिक र भावनात्मक रुपमा पिडा दिइरहेको हुन्छ, जुन घरेलु हिसां हो । घरेलु हिंसा मानसिक पिडा, शारीरिक पिडा आदि हुन् । दाइजोको कारणबाट गरिने र्दुव्यवहार, यौन व्यवहार, अपहेलीत शब्दको प्रयोग गरिनु आदि घरेलु हिंसा भित्र पर्दछन् । (आचार्य, २०६०)

त्यसैगरी महिलाहरु सामाजिक सत्ता, राजनैतिक सत्ता, धार्मिक सत्ता, आदिबाट शोषित छन् । (चापागाई २०५७) अधिकांश महिलाहरु आफ्नो जीवनमा घर, परिवार, समाज, कार्यस्थल, सार्वजनिक स्थल, यातायात सवार आदि ठाउँमा कुनै न कुनै प्रकारको हिसांको सिकार भएका हुन्छन् । घरभित्र हुने अधिकांश हिसां गाली गलौच, चोट पुग्ने भनाई, शरीर जलाउने, जवरजस्ती यौनसर्म्पक राख्ने, गर्भ तुहाउन बाध्य पार्ने, इच्छा विपरित सन्तान जन्माउने, अनेक बहानामा सौता ल्याउने, पत्नीलाई घरको सामान वा सम्पती प्रयोगमा बन्देज गर्ने आदि रहेको पाइन्छ । विशेषगरी कमजोर र शारीरिक रुप

मा विभिन्न किसीमबाट महिलाहरुलाई भनेको काम तुरुन्त नगरेको बहानामा महिलाहरु माथि हिंसात्मक आक्रमण हुने गरेको पाइन्छ । (थपलिया, २०५८)

महिला र पुरुषको जन्म समान रुपमा हुने गर्दछ । तर विडम्बनाको कुरा यो छ कि हाम्रो राष्ट्र वा समाजले छोरीलाई वा महिलालाई हेर्ने दृष्टिकोणमा परिर्वतन आउन सकेको छैन । हुन त महिला विरुद्धको हिसांको न्यायिक पक्षमा भने पहल नभएको होइन । विश्वव्यापी रुपमा महिला माथिको हिंसा उन्मुलनका लागि संयुक्त राष्ट्रसंघले सन् १९९३ मा नै महिला विरुद्धका हिंसा उन्मुलन गर्ने घोषणा गरेको थियो । १९९८ मा संयुक्त राष्ट्रसंघको commission of the status of women को ४२ औं सेसनमा पनि सदस्यीय राष्ट्रले पनि अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धका हिंसा अन्त्य गर्न सक्रियता ल्याउने र लैङ्गिक समानताका लागि अग्रसर गराउने कार्यहरुको सिद्धान्तको एकमत भएका थिए । त्यसैगरि चीनको वेइजिङको विश्व महिला सम्मेलन सन् १९९५ मा महिलासँग सरोकार राख्ने १९ बुँदे विषयहरु मध्ये महिला हिसां मुख्य रुपमा रहेको थियो । (www.onlinekhabar.com ) तसर्थ आजपनि महिला भएको कारणले गर्दा उनीहरुले धेरै किसिमका भेदभावहरुको सामना गर्न परेको छ । आफ्ना पिडा सहेर र लुकाएर बस्नु परेको छ । जनसंख्या वृद्धि नहुनु, मानिसहरु शिक्षित नहुनु, जनचेतनाको अभाव हुनु, रुढीवाढी धार्मीक मुल्य मान्यता हुनु, प्रभावकारी कानुन नहुनु तथा महिला सुरक्षा नहुनु जस्ता कारणबाट विभिन्न आपाराधिक क्रियाकलाप बढ्दै गएको छ । त्यहि नै महिला हिसांको मुल कारण बनेको छ ।

समष्टिगत रुपमा भन्नुपर्दा महिलाहरु शारीरिक हिसां (कुटपिट गर्नु, भुताल्नु, जलाउनु) महिलालाई मानसिक हिंसा, सामाजिक हिंसा (प्रथाको नाममा महिलालाई मन्दिरमा चढाउनु, महिनावारी भएको बेला घरमा प्रवेश निषेध गर्नु, छाउपडि प्रथा आदि), यौनजन्य हिसां -अश्लिल चित्र तथा भिडियो देखाउनु, देह व्यापारमा लगाउनु आदि)

आर्थिक हिंसा जस्ता विभिन्न प्रकारका हिंसाका सिकार भएका छन् । सन् १९९३ को World Bank को report अनुसार २०% महिलाहरु जो पुरुषसँग बसेका छन् । उनैबाट नै अनुचित व्यवहार भएको पाइन्छ । नेपालको सर्न्दभमा महिलाबाट महिला नै हिसांका शिकार भएको पाइन्छ ।

विकसित राष्ट्र जस्तै अमेरिका, जापान, बेलायत आदिमा महिलाहरुको सामाजिक आर्थिक अवस्था पुरुषको सरह नै छ । उनीहरु पूर्ण रुपले पुरुष सरह नै स्वतन्त्र भई काम गर्न सक्दछन् । आफ्नो हक हितका लागि उनीहरुले पहिलादेखि नै आवाज उठाएको पाइन्छ । त्यहाँ धर्म र परम्पराको नाममा उनिहरु माथि कुनै शोषण हुँदैन । पुरुष र महिला दुबै एक अर्काको साथी र सहयोगीका रुपमा हुन्छन् । विकासका क्षेत्र अर्थात् व्यक्तित्व विकासका हरेक क्षेत्रमा महिलाहरुको पूर्ण सहभागिता हुन्छ । कुनै पनि अन्धविश्वास वा रुढीवादी जस्ता कुरीतिहरुले त्यहाँका महिलाहरुलाई बाँधेको छैन । यसो भन्दैमा विकसित देशका महिलाहरुले कूनै समस्याको सामना नै गर्नु पर्दैन भन्ने चाहिँ पक्कै होइन । उनीहरुको समस्या हुन सक्दछन् जुन समस्या अन्य मुलुकको भन्दा कम र फरक हुन्छ । विकसित राष्ट्रको ठीक विपरित विकासोन्मुख राष्ट्रको महिलाहरुको स्थिति रहेको छ ।

दक्षिण एशियाली राष्ट्रको परिप्रेक्ष्यमा भन्ने हो भने यहाँका महिलाहरुको स्थिति युरोपका महिलाहरुको स्थिति भन्दा निकै तल्लो स्तरमा रहेको छ । महिलाहरुलाई उनिहरुको आफ्नै धर्म, सँस्कृति, सामाजिक रुढीवादी तथा परम्पराले घेरेको छ । जसलाई नकार्ने साहस र क्षमता उनीहरुमा कमै हुन्छ । दक्षिण एशियाली राष्ट्रको मुख्य धर्म हिन्दु, बौद्ध र मुस्लिम रहेको छ । हिन्दुराष्ट्रहरुमा भन्दा मुस्लिम राष्ट्रहरुमा महिलाहरु माथि लागू गरिएका कुप्रथा अथवा नियमहरु निकै कठोर रहेका छन् । त्यहाँ नारी माथि जे जति शोषण हुन्छ, ती सबै त्यस समाजको धर्म, परम्परा र नैतिकताको

नाममा हुन्छ । एक्काइसौं शताब्दीको वैज्ञानिक युगमा पुगेर पनि घर बाहिर बुर्का लगाएर हिड्छन् । पर-पुरुषलाई आफ्नो अनुहार देखाउनु अपराध ठान्दछन् । (UNICEF 2006) भारत र नेपाल जस्ता हिन्दु बाहुल्यता भएका मुलुकहरुमा स्थिति प्रशंसनिय छ भनेर भन्न सकिदैन । छिमेकी राष्ट्र भारतमा धेरैजसो ग्रामिण क्षेत्रतिर छोरी जन्मीयो भने शोक मनाउने र छोराको जन्ममा उत्सव मनाउने गर्दछन् । महिलाहरु माथि गरिने शोषण र अत्याचारको कुनै सीमा हुँदैन ।

दाइजो कम ल्याउने बुहारीलाई जिउँदै जलाउने जस्ता जघन्ने अपराध गर्न पनि पछि पर्दैनन् । गाउँ नै गाउँले भरिएको देश भएको नाताले नेपाली महिलाहरुको अध्ययन गर्दा ग्रामिण महिलाहरुको स्थिति बारे अध्ययन गर्नु आवश्यक मात्र नभई अनिवार्य छ । छोरीको जन्म हारेको कर्म र यदि अर्को जन्ममा मानीस भएर जन्मनु परे छोरा भएर जन्म होस् भन्ने यस्ता प्रचलीत भनाइबाट नेपालका महिलाको मनस्थितिलाई प्रस्ट्याईएको छ । यहाँ महिलालाई एउटा बोझको रुपमा हेरीन्छ । उनिहरु सधैं अरु व्यक्ति मार्फत परिचित हुन्छन् । उनिहरु आफ्नो छुट्टै परिचय हुदैन । अर्थात् सधैं अरुको भरमा बाँचेका हुन्छन् । सानो भए सम्म वावुको संरक्षणमा हुन्छन् । जवानीमा पति र बुढेसकालमा छोराको भरमा पर्नु परेको हुन्छ ।
Population Reference Bureau, Washington D.C. बाट प्रकाशित Women in our world, सन् १९९८ मा उल्लेख भए अनुसार विश्वमा महिलाहरुको संख्या करिब २.९४ अर्ब रहेको छ । यसमध्ये १५ देखी ४९ बर्ष समुहमा १.१५ अर्ब महिलाहरु रहेका छन् । उक्त प्रतिवेदन अनुसार कुल जन्मदर सरदर आयु ६८ बर्ष देखीएको छ । सोही प्रतिवेदनमा ६४ प्रतिशत महिला र ८० प्रतिशत पुरुष साक्षर भएको देखाएको छ । यस वुलेटिनमा क्रियाशिल जनसंख्याको रुपमा १५ बर्ष माथिको जनसंख्यालाई लिएको छ । सन् १९९५ मा ८२ प्रतिशत पुरुष र ५४ प्रतिशत महिला लाई क्रियाशिल

जनशक्तिको रुपमा रहेको पाइन्छ । सन् १९९० मा कृषि क्षेत्रमा पुरुष ६४ प्रतिशत र महिला ५२ प्रतिशत संलग्न भएको पाइन्छ । समग्र रुपमा हेर्दा पुरुषको तुलनामा महिलाहरु पछाडी परेको देखिन्छ ।

**च. न.पा.वडा नं २१ का महिलाहरुको अवस्था**

महिला हिंसा सम्बन्धमा तथ्यांक संकलन तथा अध्ययन गर्ने क्रममा महिला समुह साविक पुरानो नैकाप हाल च.न.पा. २१ म पुग्दा प्रहरी कार्यालय कालीमाटी महिला सेल, च.न.पा. वडा नं. २१ को कार्यालय, स्थानिय शान्ती समिति र विभिन्न संघ संस्थाहरुको सम्पर्क र खोजविन गरी च.न.पा. वडा नं. २१ का महिला माथि भएको विविध प्रकृतिका हिसांका घटनाहरु हुने गरेको पाइयो । महिला समुहसँग सर्म्पक गर्दा उनिहरु विचमा त्यस वडामा महिला हिंसा सम्वन्धि विविध समस्याहरु जस्तै श्रीमानले घर परिवार सासु ससुरा वाट वुहारी माथी हुने गरेको अपहेलना, श्रम शोषण, कुटपिट, समाजले पचाउन नसक्ने खाले अपशब्द गालीगलौच जस्ता विविध खाले महिला हिंसाका उजुरी आउने गरेको पाइयो । त्यसैगरी नेपाल प्रहरी कालीमाटि महिला सेल सँगको सम्पर्कमा महिला हिंसा सम्वन्ध विविध खाले जस्तै श्रम शोषण, बलात्कार, वहुविवाह, कुटपिट, जस्ता घटनाबाट महिलाहरु हिंसाका सिकार हुने गरेको भन्ने धेरै उजुरी परेकोवाट पनि यस वडाका मात्र नभई अन्य क्षेत्रका महिलाहरु हिसांवाट प्रताडित भएको पाइयो । च.न.पा. वडा नं. २१ को कार्यालयमा सम्पर्क गर्दा पनि विविध महिला हिसांका घटनाहरु आउने गरेको पाईयो । जस्तैः कुटपिट, श्रीमानवाट हुने गरेको हिसां, अपहेलना, छोरी मात्र पाएको निहुँमा अपहेलीत हुने तथा जाँड, रक्सीजस्ता लागुपदार्थ सेवन गरी श्रीमतीलाई दुःख दिने, जुवा तास जस्तो कुलतमा लागी श्रीमतीका गर गहना, पैसा माग्ने जस्ता महिलामाथि मानसिक र शारीरिक दुःख दिने जस्ता घटनावाट घरेलु महिलाहरु हिसांमा परेको पाइयो । (वडा कार्यालय )

## १.२ समस्याको कथन

नेपालको कुल जनसंख्याको आधाभन्दा बढि भाग ओगटेका महिलाहरु विभिन्न हिंसाका शिकार भएको पाइन्छ । महिलाबाट महिला नै प्रताडित भएको र उनीहरुको जीवन कष्टकर एंवम् पिडादायी रहेको छ । हिंसा सानो परिवार देखि छिमेकी, बजार, विश्वव्यापी रुपमा नै जरा गाडेर बसेको र प्रत्येक घर परिवारमा महिला माथि विशेषगरि पुरुषले गरेको दमन र शारीरिक र मानसिक यातना दिएर हिंसाको स्वरुपलाई सिर्जना गरेको पाइन्छ । प्रारम्भिक युग देखिनै महिला विरुद्ध हिंसाको शुरुवात भएको पाइन्छ । दैनिक महिला हिंसाका शिकार बनेको समाचार बन्ने गरेको छ । महिलालाई हरेक क्षेत्रमा पुरुषको भोग विलास र मनोरञ्जनको साधनका रुपमा, सेवकका रुपमा, सन्तान उत्पादन गर्ने कारखानाको रुपमा प्रयोग गर्नका लागि महिला माथि हिंसा हुने गरेको पाइन्छ । जस्तैः सामाजीक हिंसा (सामुहिक वलात्कार, बोक्सीको आरोप लगाउनु, सामुहमा राखेर मलमुत्र खुवाउनु, दाइजो नल्याएको निहुँमा जिउँदै जलाउनु आदि ।

**आर्थिक हिंसा :** महिलाको धर भित्रको कामको ज्याला नहुनु, धरको आर्थिक स्रोत तथा सम्पतिमा प्रतिबन्धित हुनु, धर बाहिर काम गर्न श्रीमानको अनुमति लिनु पर्ने ।

**शैक्षिक हिंसा :** छोरीलाई गुणास्तर शिक्षाबाट वञ्चित गराउनु,विवाह पश्चात महिलालाई शैक्षिक उन्नतीतर्फ वञ्चित गराउनु श्रीमान, सासु, ससुरा र घरपरिवारबाट अवरोध सृजना गर्नु आदि । महिला माथि अर्को हिसां भनेको भ्रुण परीक्षण र त्यस पश्चात् हत्या हो, जसमा जन्म अगाडि नै गरिने पहिलो हत्या हो । एक महिला जब ऊ जन्मन्छे, जन्म पश्चात् उनको नाम एक तर भुमिका अनेक हुने र विभिन्न रुपमा प्रस्तुत हुनुपर्ने जस्तै छोरी, बुहारी, श्रीमती, आमा, आदि भुमिका निर्वाह गर्नुपर्ने र विकासमा पनि पुरुष सरह अग्रसर हुने त्यहि महिलाबाट जन्मने पुरुष आफु ठुलो बन्ने

प्रयास गर्ने र तिनीहरु ( महिला) माथि हिसां र महिलाले नै महिलामाथि गरेको हिंसा यहाँ दर्शाउन खोजीएको छ । त्यसैले चन्द्रगिरी नगरपालिका वडा नं. २१ पुरानो नैकापमा बसोबास गर्ने केहि महिलामाथि हुने गरेको हिंसालाई समस्याको रुपमा लिइएको छ । यसरी छनोटमा परेका महिलाहरु :

- महिलाहरु कस्ता प्रकारका हिसांबाट पिडित हुने गरेका छन् ?
- हिंसा प्रमुख कारणहरु के के हुन्?
- महिला वा पुरुष कसबाट बढि पिडित छन् ?
- सामाजिक, आर्थिक, शैक्षिक अवस्था र हिंसा बिच के कस्तो सम्बन्ध छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्येश्यमा महिलामा हुने घरेलु हिंसाको अध्ययन गर्नु हो भने विशिष्ट उद्येश्यहरु निम्न छन् ।

१. महिलाहरु प्रति हुने हिंसाका प्रकार तथा कारणहरु पहिचान गर्ने,

२. महिलाहरुको सामाजिक, आर्थिक र शैक्षिक अवस्था र हिंसाबिचको सम्बन्धको अध्ययन गर्नु

## १.४ अध्ययनको महत्व

आजको समय विज्ञानसँग जोडिएको र हरेक क्षेत्रमा विज्ञानले मानिसको जीवनलाई सहज र सरल बनाउने गरेको पाइएतापनि महिलाका सम्बन्धमा यसले जीवनलाई ज्यादै जटिल पार्दै गएको छ । चरीत्र हत्या गर्ने किसीमको भिडियो निर्माण गर्ने तथा प्रसारित गर्ने, भ्रुण हत्या गर्ने जस्ता नकारात्मक प्रभाव परेको छ, प्रारम्भिक तुलनामा समाज निकै परिवर्तन भइसकेको छ, तर पनि शहरी क्षेत्रको तुलनामा ग्रामिण क्षेत्रमा अशिक्षा, अन्धविश्वासले गर्दा महिला माथिको दृष्टिकोणमा परिवर्तन भने अझ आउन सकेको छैन । कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै महत्व रहेको हुन्छ । कमजोर र पिछडिएका महिलालाई कसरी सम्पन्न बनाई स्रोत र साधनमा उनिहरुको पहुँच पुऱ्याउन सकिन्छ तथा सबैलाई समान किसिमको अवसरहरु प्रदान गराउन यस्तो अध्ययनको महत्व देखिन्छ । यस अध्ययन चन्द्रगिरी नगरपालिका वडा नं. २१, पुरानो नैकापमा बसोबास गर्ने महिला विरुद्ध हुने हिसांको अवस्थालाई उजागर गर्ने प्रयास गरिएको छ । यसरी महिला विरुद्ध हुने सबै खालका हिसां तथा अपराधको नियन्त्रण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साथै सरकारी निकायले पनि उक्त वर्गको उत्थानका लागी विभिन्न कार्यक्रम सञ्चालन गर्ने, महिला सम्बधि कानुन बनाउने तथा महिला अधिकार संरक्षण एवं सर्म्वद्धन गरी महिला हिसां घटाउन मद्दत गर्ने छ ।

- महिला विरुद्ध हुने हिंसाको अवस्था थाहा पाउन
- समस्या समाधानको बाटो पत्ता लगाउन
- महिला स्वयम् घटनाबारे जानकार हुनु

## १.५ अध्ययनको संगठन

यस अध्ययन क्रममा समय स्रोत र साधनको सिमीतताले गर्दा बृहत रुपमा यो अधययन गर्न सकिएको छैन । तापनि यस चनपाका महिलाहरुको समस्यालाई मात्रै उजागर गर्ने प्रयास गरिएको छ । सरल प्रकारका प्रश्नावलि अवलोकन आदि विधिहरुबाट प्राप्त तथयहरुलाई सरल र सरस भाषाशैलीमा नेपाली देवनागरीक लिपीमा प्रस्तुत गरिएको छ । यो अध्ययन कार्यको क्षेत्र पुरानो नैकाप मात्रै भएकोले अन्यत्र बसोबास गर्ने महिलाहरुलाई यस अध्ययनले समेट्न सकेको छैन । र यसको परिणामाले ति सबैलाई प्रतिनिधीत्व पनि गर्न सक्दैन ।

# अध्याय - दुई

## पूर्व साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक दृष्टिकोण

विज्ञानकै कारण आज महिलाहरूको पेटमा रहेको बच्चाको लिङ्ग (Sex) छुट्याई छोरा वा छोरी के हो भन्ने बारेमा थाहा पाउने अवस्था रहेको छ । परिणामस्वरूप छोरीको भ्रुण हत्याका घटना समाजमा व्यापक बन्दै गएको छ । आज विज्ञानको विकासका साथसाथै विनासका सम्भावनाहरू पनि विकसित हुँदै गईरहेको सन्दर्भमा महिलावादी (Feminist) हरू वढी चिन्तित देखिनु स्वभाविक हो । विज्ञानले प्रगतिसँगै यसले मानव समाजमाथि पारेका नकारात्मक प्रभावको परिणामस्वरूप महिलाहरू बढी प्रभावित बनेको तथ्यलाई विभिन्न कालखण्डका महिलावादीहरूले अगाडि सारेका छन् । समकालिन महिलावादी सिद्धान्तहरूमाः-उदार महिलावादी (Liberal Feminism) मार्क्सवादी महिलावादी (Marxist Feminism), आमूल महिलावाद (Radical Feminism), समाजवादी महिलावाद (Socialist Feminism), मनोविश्लेषक महिलावाद (Psycho Analytic Feminism) आदि प्रचलनमा रहेका छन् । विश्वव्यापी रुपमा लैङ्गिक असमानता भएको पाइन्छ । 'Gender' भन्नासाथ सामाजिक, साँस्कृतिक रुपले निर्माण भएको अवधारणा हो । र हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक-फरक निर्धारण गरिएको हुन्छ । समाजद्वारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन महिलालाई अधीनस्थ गराउने पितृसतात्मक सामाजिक संरचनाको सोच हो (Bhasin, 1993) । लिङ्गमा आधारित श्रम विभाजनमा पुरुषहरु शारीरिकरुपमा बलियो हुने हुनाले उनीहरु घरवाहिरको काम गर्ने, शिकार गर्ने, गाइवस्तु चराउने, माछा मार्ने, जस्ता कार्यहरु गर्ने र महिलाले घरभित्र परिवारको रक्षा गर्ने कृषि कार्य गर्ने र जीविकोपार्जनको लागि पुरुषको तुलनामा बढी योगदान दिन

सक्दछन् (Bhasin, 1993) । प्रश्रित (२००१) ले मार्क्सवादी विचारधारामा लागेका समाजशास्त्रीका भनाईलाई लिदैं सम्पत्ति नै समाजमा असमानता सृजना गर्ने स्रोत भएको कारण उत्पादन व्यवस्था वा प्रणालीको विकाससंगै सामाजिक तथा सांस्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ र निजी सम्पत्तिको विकाससंगै उत्पादन व्यवस्थामा पुरुषका सहयोगीका रुपमा महिलालाई लिंदै अगाडि बढेको भन्ने कुराको विश्लेषणमा जोड दिएको छ । सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्वर्द्धनका लागि छोरा जन्माउने वस्तुका रुपमा महिलालाई लिन थालियो र महिलाहरुलाई घरभित्रकै धन्दामा सीमित गरिए भने कतिपयलाई कमसल कार्य वा कम ज्यालामा प्रयोग गरीयो । जसलाई समाजमा रहेको पितृसत्ता अझ मजबुत बनाउदै लग्यो । यिनै सैद्धान्तिक कुराहरूलाई आधार मानेर विभिन्न वैचारिक र रणनैतिक पक्षका साथ महिला आन्दोलनहरू अगाडि बढेका छन् । यसै क्रममा सन् १९३० मा महिलावादीको पहिलो धार विकास भयो जहाँ अमेरिकी महिलाहरूले दासत्वका विरुद्धमा आवाज उठाएका थिए भने दोस्रो धार सन् १९६० को दशकमा विकास भयो । यस अन्तर्गत आमूल र समाजवादी नारीवादी विश्लेषणहरु रहेका छन् । सन् १९८० को दशकपछि विकास भएको महिलावादको तेस्रो धारमा महिलाका विषयलाई सरोकार राखेर हेर्ने विद्धान् वर्गको विकास भयो । यो धार आधुनिक महिलावादी आन्दोलनसँग सरोकार रहेको छ । यसले समाजमा बढी दमित शोषित र मूल प्रवाहबाट बाहिरिएका समुदायका महिलाहरुको अवस्थालाई अन्तरसम्वन्धित गरी महिला अधिकारका मुद्दालाई उठाउनुपर्ने र विश्वव्यापी रूपमा विकास भएको उत्पादन व्यवस्था वितरणको परिपाटी र त्यसले समाजमा पारेको प्रभावका संम्बन्धमा बसेर लैङ्गिक व्याख्या र विश्लेषण गर्नुपर्छ भन्ने व्याख्या यसमा पाइन्छ । साथै समाजमा महिलामाथि हुने पीडाको तह पनि फरक फरक हुने कारण वृहत् संरचनाभित्र बसेर समुदायका जाति, प्रजाति, लिङ्ग, अर्थव्यवस्था आदि सबैको

प्रभावलाई लैङ्गिक सवालको रूपमा वुझ्नु पर्दछ भन्ने धारणा रहेको छ (Ritzer, 1996)। त्यस्तै महिलासँग सम्बन्धित सवालहरूलाई मुखरित गर्ने विभिन्न अन्तर्राष्ट्रिय महिला सम्मेलनहरु भएका छन् । प्रथम विश्व महिला सम्मेलन सन् १९७५ जुन २ देखि जुलाईमा मेक्सिकोमा भएको थियो भने दोस्रो, सन् १९८० जुलाई २४ देखि ३० गतेसम्ममा कोपनहेगनमा भएको थियो । दोस्रो विश्व महिला सम्मेलनले महिलाका लागि स्वास्थ्य, रोजगारी र शिक्षाको अनिवार्यता, र विकास कार्यमा महिला सहभागिता, आर्थिक सुधारबाट महिलाको अवस्था सुध्रिने रणनीति र प्रत्येक तहमा हुने दमन, शोषण र विभेदका कारकतत्व खोज्ने प्रयत्न गऱ्यो । केन्याको राजधानी नैरोवीमा सन् १९८५ को जुलाई १५ देखि २६ सम्म सम्पन्न तेस्रो विश्व महिला सम्मेलनले महिलाहरूलाई रोजगारीको अवस्था सर्म्वद्धन गर्ने, स्वास्थ्यको अवस्थामा सुधार ल्याउने, पुरुष सरह शिक्षा प्रदान गर्ने र कानुनी विद्यमान भेदभाव हटाउने जस्ता कुराको निर्णय गऱ्यो । विश्वलाई महिलाको दृष्टिबाट हेरौँ भन्ने मूल नारा लिएर बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलन ४ देखि १५ सेप्टेम्वर सन् १९९५ मा भएको थियो । यस सम्मेलनले महिला सरोकारका १२ वटा विषय पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गऱ्यो र ती विषय अन्तर्गत छुट्टाछुट्टै रणनीति, लक्ष्य तथा कार्यक्रम वनाएको थियो (UN,1995) ।

महिलाका सम्बन्धमा WID, WAD र GAD जस्ता अवधारणाहरु पनि विकास भएका छन् । विकासमा महिला (WID) खास गरी अमेरीकी उदारवादी महिलाहले सन १९७० को दशकपछि अघि सारेको अवधारणा हो । महिलाको विद्यमान अवस्था सुधार ल्याउन महिलालाई विकास योजनाहरूमा सहभागी गराउनु, स्रोतहरू माथि महिलाहरूको पहुँच बढाउनु र महिला शिक्षा, स्वास्थ्यमा जोड दिनुपर्ने कुरालाई WID ले जोड  दिन्छ ।

विशेषगरी विकास प्रक्रियामा महिलाहरूलाई एकिकृत गराउन सकेमहिलाहरूका समस्या धेरै जसो सवालमा समाधान हुने निष्कर्ष यस अवधारणको रहेको छ । त्यसै गरी  महिला र विकास (WAD) को अवधारणा सन् १९७० को दशकको उत्तरार्धमा विकास भएको हो भने सामाजिक लिङ्ग र विकास (GAD) को अवधारणा सन् १९८० को दशकमा WID र WAD को कमजोरी पक्षलाई सच्याउने क्रममा फराकिलो अवधारणा आएको हो । यस अवधारणाले आधुनिकीकरणको सिद्धान्तले आत्मसाथ गरेको विकासको प्रकृया जुन माथिवाट तलजाने संयन्त्रमा आधारित थियो, त्यसको विरुद्धमा तलवाट माथि जाने संयन्त्रलाई जोड दिन्छ । विशेषगरी समताउन्मुख सिद्धान्तमा आधारित छ । यसले समानता र समता दुवै पक्षलाई महत्व दिदै न्यायिक समताले लैङ्गिक विभेदको अन्त्य गर्न सक्दछ भन्ने मत राख्दछ । अर्कातिर कल्याणकारी अवधारणा तथा आधारभुत आवश्यकता परिपुर्ति र गरिवी उन्मुख अवधारणालाई पनि जोड दिन्छ ।

परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रुपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरू पर्दछन् बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिवेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्वहरू हुन् । सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई Physical Sexual/Psychological रुपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिन्छ भने त्यो महिला विरुद्धको हिंसा हो (बेइजिङ्ग सम्मेलनको घोषणा पत्र, १९९५) । UN (2006) का अनुसार विश्वभरिका महिलाहरु सामाजिक, आर्थिक, राजनैति तथा धार्मिक सत्ता वा भेदभावबाट शोषित छन् । महिला भएकै कारण उनीहरूले आज पनि विभेदको सामना गर्नु परेको छ र हिंसा पीडित भएर बस्नुपरेको

छ । सन् १९९८ मा संयुक्त राष्ट्रसंघले मूख्य रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धका हिंसा अन्त्य गर्न सक्रियता वढाउने र लैङ्गिक समानताका लागि अग्रसर गराउन सिद्धान्तमा एकमत भएको छ । अन्तर्राष्ट्रिय सन्धिपत्र, Convention on the Elimination of all forms of Discrimination Against Woman (CEDAW) को एउटा Optional protocol लाई संयुक्त राष्ट्रसंघले ६ अक्टोवर, १९९६ को साधारणसभाले पारित गऱ्यो र अनुमोदनका लागि खुल्ला राखिएको छ ।

मार्क्सवादी महिलावादका अनुसार महिलामाथिको दमन, अत्याचार तथा शोषण खास गरी पितृसत्ता र पुँजिवादी संरचना बाट भएको हो । सम्पतिमाथि व्यक्तिगत स्वामित्व, समाजमा छोराको महत्व तथा पितृसत्तात्मक परिवारमा पैत्रिक सम्पतिको हस्तान्तरणले लैङ्गिक विभेद सिर्जना गरेको छ। साथै वर्गीय समाजको स्वरूप उत्पति भएदेखि लैङ्गिक विभेद देखिएको हो । त्यसैले सर्वप्रथम वर्गीय समाजको विनासपछी मात्र लैङ्गिक समानता कायम हुन सक्छ भन्ने धारणा रहेको छ (Pauline, 1991) । Bhasin, (1993) ले महिलालाई पितृसत्तात्मक समाजले गर्ने गरेको हिंसालाई महिलाको सामाजिक अवस्थाको दयनिय स्वरुपको रुपमा उल्लेख गरेको पाइन्छ। उनका अनुसार समाजमा पुरुष प्रधान भएकै कारणले महिलाहरूलाई होच्याउने, नियन्त्रणमा राख्ने, शोषण गर्ने जस्ता अमानविय ब्यवहार गरिन्छ । महिला माइती र घर दुवै ठाउँबाट सम्पतिको हिस्सेदार वन्न नसक्ने भएकाले गर्दा महिलाको विवाह पश्चात् सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ ।

आचार्य (१९९७) ले समाजमा भेदभाव तथा उचनिचको भावनाको विकास हुनुमा शिक्षाको कमी रहनुलाई एक प्रमुख कारक ठान्दछिन् । उनका अनुसार शिक्षा एउटा दियो हो जसले अन्धकारलाई हटाई उज्यालो बनाउछ। एक पुरुषको शिक्षा त्यही

व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो जसले सम्पूर्ण परिवारलाई नै उज्यालो बनाउछ । त्यसकारण महिलाहरुका लागि शिक्षा नितान्त आवश्यक हुन्छ । यही शिक्षाले नै समाजमा मानिसहरुबीच हुन्छ । यही शिक्षाले नै समाजमा मानिसहरुबीच रहेको उचनिचको हुन्छ । यही शिक्षाले नै समाजमा मानिसहरुबीच रहेको उचनिचको भेदभावलाई कम गर्न सघाउँ पुर्‍याउँदछ ।

## २.२ नेपालमा महिला हिंसासम्बन्धी पूर्व अध्ययनको समिक्षा

कुनैपनि समाजको प्रगतिको मापदण्ड नारीलाई मानिन्छ । समाजमा महिलाले भन्दा अलिकति पनि बढि सुख सुविधाको अधिकार पुरुषले उपभोग गर्दछ भने त्यस समाजलाई प्रगतिशील र विकसित भन्न मिल्दैन । महिलाहरु परिवारका प्रमुख आधारस्तम्भ हुन् र परिवार समुदायको आधारशिला हो भने समुदाय एउटा राष्ट्रकै आधार हो । त्यसैले महिलालाई समाज र राष्ट्रका वास्तविक कर्णधार हुन् भन्न सकिन्छ । महिलाको सन्दर्भमा एंगेल्सको भनाई लिदै प्रश्रित (२००१) ले सर्वप्रथम सभ्यताको बीऊ रोप्ने महिलाहरु नै हुन् । तिनीहरुले पुरुषहरुलाई घुमन्ते जीवनबाट स्थिर जीवनमा ल्याई प्रतिस्थापित गरे भन्ने कुरालाई उल्लेख गरेका छन् ।

जब कृषि युगमा मानव जातिले प्रवेश गरे, महिलाहरु आफ्नो भरणपोषणको लागि पुरुषप्रति उत्तरदायी हुनुपर्ने बाध्यताको शुरुवात भयो । साथै पारिवारिक परिवेश, धार्मिक, सामाजिक, सामुदायिक यावत कार्यहरुमा पुरुषले प्रतिनिधित्व गर्न थाले र घरमूली पनि पुरुष नै हुने गर्दथे । यसबाट पनि नारीको अवस्थाको यथार्थता स्पष्ट हुन्छ फेरी आर्य मुलका पुर्खाहरुको संस्कृति पितृसत्तात्मक थियो । तिनै आर्यहरुको भारतवर्षमा प्रवेशपछि नारीहरुको सामाजिक स्थितिमा आँच आउन प्रारम्भ भयो र

पितृसतात्मक परिवारको शुरुवातलाई निरन्तरता र बलियो बनाइयो । (बराल, २०५०) नेपाली महिलाहरुको सामाजिक, आर्थिक अवस्था जटिल छ, यसलाई एकांकी रुपमा सहजै व्याख्या गर्न सकिदैन । भौगोलिक क्षेत्र, आर्थिक अवस्था, सांस्कृतिक, तथा जातीय विभेदको विविधताले महिलाको पहुँच स्तरमा पनि फरकपना आएको हुन्छ । महिलाको परिवारभित्र निश्चित भूमिका के छ र परिवारको स्थानले सामाजिक संसारमा महिलाको भूमिकालाई निर्धारण गर्दछ (Luitel, 1992) । नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रुपमा मान्ने गरेको हुनाले सामाज वा वाहिरी पक्षले हस्तक्षेप गर्नु हुदैन । अर्थात् व्यक्ति र परिवारको इज्जतको सवाल हो भन्ने मान्यता विद्यमान रहेको छ । हरेक परिवारका सदस्य समाज परम्परागत मुल्य मान्यता, प्रचलन तथा रहनसहन वाट प्रभावित छ । विभिन्न जातजातिका आफ्नै प्रचलन रहनसहन इतिहास तथा समाज विकासका प्रकृयाहरु छन् । जसवाट नेपाली महिलाको अवस्था निर्धारण हुने गरेको छ । ग्रामिण तथा सहरी क्षेत्रमा बालबालिकाहरुको विद्यालयको उपस्थितिमा ठुलो अन्तर रहेको छ । खास गरि भिन्न भिन्न भौगलिक क्षेत्रहरुमा केटाहरू र केटीहरूको विद्यालयको उपस्थितिमा अन्तर आएको देखिन्छ । परम्परादेखि नै व्यापक रुपमा समाजमा जरा गाडेको पितृसत्तात्मक सोचाई, पारिवारिक कामको बोझ तथा महिलाहरूको सक्रिय भूमिकाको अभाव जस्ता कारणले स्थानिय विद्यालयमा महिला शिक्षिकाको अभाव वा स्थानियतहमा सक्रिय महिला नेतृत्वको अभाव जस्ता स्थितिले सृजना हुन पुगेको हो (UNDP, 2001) ।

UNICEF (2006) को एक प्रतिवेदन अनुसार वंशावली छोराले मात्र कायम गर्न सक्छ भन्ने विश्वासनै छोरालाई बढी महत्व दिनुको एक मुख्य कारण हो । गरिव होस वा धनी, सहरिया होस वा गाउँले छोरालाई वढी महत्व दिनुको एक मुख्य कारण कुलको संरक्षण हो । आफ्ना स्वर्गिय आमा वावुका लागि तर्पण, पिण्ड दिने र काजक्रिया गर्ने

जिम्मेवारी पुत्रमा सिमित हुन्छ। यस्ता कर्मद्धारा मात्रै स्वर्गलोक वा पृतिलोकको प्राप्ति हुनसक्छ भन्ने विश्वास छ । तसर्थ काजक्रिया गरेवापत छोराहरुले पैतृक धन पाउने चलन छ। यसका साथै प्राय:जसो यौनजन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी समक्ष पुयाउँदैनन् किनकि त्यस्ता घटनाहरू महिलाको कुमारीत्व र परिवारको इज्जतसँग जोडिएको हुन्छ। त्यहाँ महिलाहरूको आफ्नै बलात्कारको कुरा सार्वजनिक भएमा त्यही बलात्कारीसँग विवाह गर्न समेत दवाव दिइन्छ जुन नेपाली समाजमा पनि विद्यमान रहेका छन् (UNICEF, 2006) । महिलाहरुका समस्याबारे छलफल गर्ने बिषय धेरै छन्। महिलाहरुले घरबाहिर भोग्नुपरेका समस्या संगसगै घरभित्रै, कोठाभित्रै पनि थुप्रै चुनौतिहरु सामना गर्नुपरेको छ, जसमध्ये घरेलु हिंसा पनि एउटा हो। घरेलु हिंसाको मुख्य कारण पितृसत्तात्मक पारिवारिक व्यवस्था हो । विश्वका अधिकांश देशहरुमा जस्तै नेपालमा पनि प्राचिन समयदेखि नै पितृसत्तात्मक व्यवस्था थियो । जेठो छोरो वा पिता नै परिवारको प्रमुख हुने पितृसत्तात्मक व्यवस्थामा महत्वपूर्ण आर्थिक निर्णय र अरु निर्णयहरु पुरुष सदस्यहरुले गर्दछन् । परिवारभित्रै महिलाले विविध हिंसा सहनु परेको मुख्य कारण सन्तानमा छोरापछि मात्र छोरीको स्थान रहनुले नै हो। हाम्रो समाजमा विवाह गरेर छोरी घर पठाउदा दाइजोका रुपमा नगद जिन्सी दिने प्रचलन रहेकाले, थोरै नगद वा दाइजो ल्याउने महिलालाई वचन लगाउने वा हातै हालेर कुट्ने र मार्ने समेत गरिन्छ। घरेलु हिसांको मुख्य कारण दाइजो र छोराको जन्मसंग जोडिएको छ । दाइजो कम भयो भनेर मानसिक र शारीरिक यातना दिदै जलाइदिने घटना थुप्रै भएका छन् । महिलाविरुद्ध हिंसासम्बन्धि छापिएका समाचारले पत्रिका रङिएका हुन्छन् । हरेक दिन महिला बेचविखन, बलात्कार, बोक्सी आरोपमा कुटपिट र दिसापिसाब खुवाइएका, देहव्यापार आदिमा लागेका र लगाइएका महिला विषयका समाचारको बाहुल्य देख्न सकिन्छ (पौड्याल, २०६७)।

Lynn Bennett (1983) ले काठमाडौंदेखि नजिकै रहेको नारीकोट गाउँका उच्च हिन्दू

महिला र पुरुष बीच रहेको फरकपन लाई  स्पष्ट पारेकी छन् । खासगरी त्यस ठाउँका महिलाहरु प्रत्येक तहमा शोषित रहेका छन् । सदैव पुरुषको नियन्त्रणमा  रहनुपर्ने, प्रत्येक सामाजिक संस्कारमा पुरुषको अनिवार्य र महत्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध तथा जुठो देखाउने, हिन्दू प्रवृत्ति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले महिलाको स्थिति माथि उठ्न नसकेको पाइएको छ । पितृप्रधान  समाज भएकोले सामुदायिक तथा उत्पादनशील कार्यमा  महिलाको संलग्नता अत्यन्तै  न्यून  रहेको देखाइएको छ । खासगरी त्यो समाजमा  विवाहित  र अविवाहित महिलाबीच रहेको असमानता वा एउटा महिलाको  विवाहअघि र  विवाह पछिको दुईवटा  भूमिका निर्धारण हुन्छ भन्ने कुरालाई उल्लेख गरेकी छन् ।  उनका अनुसार विवाहअघि एउटा महिलालाई पवित्र वस्तुको रुपमा हेरिन्छ भने विवाहपछि महिला यौन क्रियामा संलग्न हुने र बच्चाहरु पैदा गर्ने भएका कारण दूषित (अपवित्र) हुने बताइएको छ । यस प्रकारको भूमिकाले महिलाको विकास उन्नति र समानतामा बाधा थोपरेको छ । यसरी Bennett (1983) ले नेपालको सामाजिक मुल्य मान्यतामा महिलाहरुलाई हेरिने व्यवहारहरमाथि थप जोड दिदै महिलाहरु रजश्वला भएको अवस्था, सुतक रहेको अवस्था, जातअनुसार विवाहवारी र खानपानको नियम र अधीनमा नरहेको अवस्था, अविवाहित तथा जनैधारण नगरेको पुरुष आदिलाई अशुद्धताको प्रतीकको रुपमा हेरिन्छ भने पुण्यकर्म, पूजा, जात र धर्म अनुसारका आचरणको प्रयोग, जप, ध्यान,गौवस्तु, वरपिपल, लिपपोत आदिलाई शुद्धताको प्रतीकको रुपमा हेरिएको पाइएको छ ।

नेपालमा वि.स. २०४७ सालको संविधानले गरेको महिलासम्वन्धी ब्यवस्थाका अतिरिक्त नेपालको आन्तरिम संविधान २०६३ को धारा १३ (३) मा महिला बर्गको संरक्षण सशक्तीकरण र विकासका लागि कानूनद्वारा विरोध गर्न सकिने ब्यवस्था उल्लेख गरिएको छ (अन्तरिम संविधान, २०६३) ।

त्यस्तै धारा १३ (४) मा समान कामका लागि महिला र पुरुषबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने, पैतृक सम्पतिमा छोरा र छोरीलाई समान अधिकार आदि कुराहरू उल्लेख गरिएको छ । महिलाले लैङ्गिकताका आधारमा भेदभाव खप्नु परेको कुरा स्वीकार गर्दै धारा २० मा भनिएको छ, महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन, प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन् सम्वन्धि हक हुनेछ, कुनै पनि महिला विरुद्ध शारिरिक, मानसिक, वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन आदि जस्ता कुराहरू संविधानमा उल्लेख गरिएको छ । तर व्यवहारमा यी कुराहरु लागू नहुदां वा नगरिदा महिलाका समस्याहरु ज्यूँका त्यूँ रहेको पाइन्छ । लैङ्गिक समानता कायम गर्न घरेलु हिंसा कसुर र सजाए ऐन, ०६३ जारी भएको पनि छ । तर पनि देशको सामाजिक तथा आर्थिक क्षेत्रमा आमूल परिवर्तन नहुदां महिलाहरुले हिंसा सहनु परेको वा लैंगिक भेदभाव खेप्नु परेको व्यवहारमा देखिएको पाइन्छ । त्यस्तै वि.सं.२०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले पनि महिला अधिकारका कुराहरुलाई अक्षरस पालना गर्नेगरी समावेश गरेको छ ।

संविधानको धारा ४३ मा महिला अधिकार सम्बन्धी व्यवस्था गरिएको छ ।

महिलाको हक : (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हक हुनेछ र लैङ्गिक पहिचानको
आधारमा भ्रूणहत्या गर्ने कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमकोहिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम

दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्य संयन्त्रका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्दान्तको आधारमा

सहभागि हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ ।

कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC, 2007) का अनुसार महिलामाथि हुने घरेलु हिंसाका कारक तत्वहरूमध्ये पितृसत्तात्मक सामाजिक शक्ति संरचना, शक्ति नियन्त्रण, आर्थिक नियन्त्रण, आर्थिक स्रोत र साधन परिचालनमा पहुँचको कमी, रोजगारी सीपमुलक तालिमको अभाव, शिक्षामा कमी, निर्णायक पदमा कम प्रतिनिधित्व राजनीतिक नीति निर्माण तहमा पहुँच नहुनु, प्रजनन अधिकारमा नियन्त्रण नहुनु, पुरातनवादी सामाजिक मुल्य र मान्यता, महिलालाई वस्तुको रुपमा ठान्नु आदि हुन् । वैदिककाल देखि महिलामाथि हुँदै आएका हिंसाहरू आज २१ औँ शताब्दीमा आइसक्दा पनि देशमा लिङ्गको आधारमा हुने गरेका हिंसाहरू विद्यमान रहिरहेको सत्य एकातिर उजागर गरेको छ भने यो भन्दा अर्को चिन्ताको विषय हो महिलामाथि हुने हिंसाका स्वरुपहरू विकसित, सुनियोजित तथा वैज्ञानिक ढङ्गबाट वृद्धि भइरहेका औल्याएका छन् । बेलाबेलामा गरेका माहिला हिसाको अभियान, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता विद्यमान कानुनमा भएका संशोधन, केही नयाँ कानुनहरूको निर्माण वा सर्वोच्च अदालतबाट बेलाबेलामा हुने गरेका प्रगतिशील फैसलाहरूबाट पनि महिला वर्गका माग तथा समाजको आवश्यकतालाई समेट्ने प्रयास गरेको पाइन्छ । एकजना

व्यक्तिमात्र संवेदनशील वा प्रगतिशील भएर यो देशमा कुनै परिवर्तन हुन सक्दैन यसको लागि सम्पूर्ण व्यवस्थाको सोच, कार्यशैली, संरचना, योजना नीति तथा कार्यान्वयनमा नै क्रान्तिकारी परिवर्तन आउनु जरुरी छ । त्यसका लागि सर्वप्रथम चाडोभन्दा चाडो महिला हिंसा विरुद्धमा विशेष कानुन बन्नुपर्दछ । कानुन बनेर मात्रै हुँदैन । त्यसको कार्यान्वयन गर्ने निकाय र पक्ष दुवै त्यत्तिकै सशक्त हुनुपर्दछ । त्यसका लागि घरपरिवार, सिङ्गो समाज, राज्यले महिलालाई समानताको व्यवहार गर्नुपर्दछ । जबसम्म यी कुराहरूमा समाज, व्यक्ति, नीति तथा कानुन परिवर्तन हुँदैन, तबसम्म देशमा महिला उपर हुने हिंसाका कारक तत्वहरूमा आमूल परिवर्तन हुन सक्दैनन्, तबसम्म हिंसामुक्त समाजको कल्पना गर्न सकिँदैन ।

अधिकारी (२०५६) का अनुसार अविवाहित दुर्ब्यसनीलाई कुलतबाट छुटाउन उनीहरुका अभिभावकहरुले विहे गरीदिने तथ्य लागुपदार्थ दुर्ब्यसन बिरुद्ध कार्यरत समाजसेवीहरुले भेट्टाएका छन । लागुपदार्थका कुलतमा लागेका पुरुषका पत्नीहरु आफ्नो श्रीमानले दिने शारीरीक र मानसिक यातनाबाट मात्र पिडित छैनन्, उनीहरुमा अहिले एउटा भय थपिएको छ, एड्स रोगको भाइरस पति हुदै आफु र आफ्ना सन्तानमा पनि पुगेको छ कि भन्ने !

पाण्डे (२०६४) ले बौद्धिक एवं शिक्षित परिवारमा समेत महिलामाथि ज्यादती हुने गरेको कुरालाई आफ्नो लेखमा औल्याएका छन् । उनका अनुसार श्रीमान जुहारराज पाण्डेको पिटाइ सहन नसकी उनकी श्रीमती माइतमा बस्दै आएकी छन् । 'दाइजो कम ल्याएको भन्दै सासु, श्रीमान र आमाजुले दिनरात पिट्ने र दुर्व्यवहार गर्न थालेपछि माईतमा बस्नुको विकल्प उनकी श्रीमतीसँग नभएको थियो । यो घटनाले बौद्धिक एवम् शिक्षित परिवारमा समेत महिलामाथि बढ्दो ज्यादती भइरहेको पुष्टि गरेको छ । र, जशिमन पाण्डे अहिले न्यायका लागि अदालत धाइरहेकी छिन् । थापा र मल्ल

(२०६५) का अनुसार संविधानमा महिला अधिकारको सुनिश्चितता हुनुपर्दछ । अब बन्ने कानुन स्पष्ट र व्यवहारमा उतार्न सक्ने बनाउनु पर्दछ । कागजी रुपमा कानुन बनाई कार्यालयको दराजमा मात्र सीमित रहनु हुँदैन । यसको कार्यान्वयन पक्ष दरिलो हुनुपर्दछ । त्यसैले कानुन बन्दा धर्म र संस्कृतिसम्बन्धी स्पष्टतताको आवश्यकता छ र हिजोको संस्कृतिमा आधारित होइन, आजको संस्कृतिमा आधारित संविधान बन्नुपर्छ । महिलामाथि हुने शोषणहरू अन्त्य गर्ने र पीडित न्याय प्रणालीमा आधारित कानुनी व्यवस्था निर्माण गर्ने ग्यारेन्टी पनि संविधानले गर्नुपर्दछ । राज्यको हरेक संरचनामा महिलाको समानुपातिक सहभागितालाई सुनिश्चित गर्नुपर्दछ । घरमा काम गरेको कामको मूल्याङ्कन गर्दै घरभित्रको भूमिकामा पनि साझेदारीको सुनिश्चितता गर्न आवश्यक छ । घरेलु हिंसाका दोषीलाई काननी दायराभित्र ल्याउनका लागि घरेलु हिंसा नियन्त्रणसम्बन्धी विधेयक यथाशिघ्र पारित गर्न आवश्यक छ । महिलालाई हेर्ने परम्परागत सोच र मूल्य मान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुदृढ शिक्षित तथा आत्मनिर्भर तर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक छ । र, महिलामाथि हुने हिंसा अन्त्यका लागि महिला र पुरुष दुबै ऐक्यबद्ध भई अघि बढ्नु आजको आवश्यकता भएको देखिन्छ ।

रोका (२०६५) ले वर्तमान विकासका प्रयासले यस खालको परम्परागत पितृसत्तात्मक मूल्य मान्यता हटाउने प्रयास गरेको भएता पनि समाजमा विगतको लामो समयदेखि जरो गाडेको सांस्कृतिक मूल्यलाई परिवर्तन गर्न गाह्रो भएको बताएका छन् । महिलालाई विकासको मूलधारमा समेट्न सके महिला र पुरुषबीच रहेका भेदभावहरू स्वतः हटेर जाने कुरामा दुईमत हुन सक्दैन । त्यसका लागि महिला शिक्षामा विशेष जोड दिनुपर्छ र महिला भनेका भोगविलासका साधन हुन् भन्ने पुरातनवादी अतिवादी पुरुष कुविचारलाई हटाएर नारी पुरुष समान हुन् र नारी पनि सक्षम छन् भन्ने कुरालाई हृदयदेखि स्वीकार गरी विकास कार्यमा जुट्न सकेमा

महिलाको स्थिति त सुध्रन्छ नै देशको अवस्था पनि सुध्रनेछ भन्ने कुरामा उनले विश्वास दिलाउन खोजेको प्रष्ट देखिन्छ ।

उपरोक्त अध्ययनहरुले सामाजिक व्यवस्थाको संरचनामा महिलाहरु पुरुष प्रधान सामाजिक संरचनाबाट दविएका छन् र हरेक सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रबाट पहुँचविहीन भएका छन् भन्ने उल्लेख गरिएको छ, तर जाति व्यवस्थामा आधारित हाम्रो समाजमा उच्च जातका महिला भन्दा तल्ला जातिका महिलाको स्तरमा झन् ठूलो असमानता देखिएको छ । तसर्थ लैङ्गिक भूमिकाको अध्ययन गर्दा सामाजिक, सांस्कृतिक संरचना अनुसार वर्गीय, जातिगत अवस्थाको विश्लेषण गर्नुपर्ने देखिन्छ । समाजमा विद्यमान वर्गीय स्तरीकरण अनुसार धेरैजसो महिला र पुरुषको सम्बन्ध गाँसिएको हुन्छ । लैङ्गिक भूमिका समाज र संस्कृतिअनुसार फरक फरक पाइन्छ । तसर्थ हरेक जातजाति भित्र महिलामाथि हुने घरेलु हिंसा उच्च वा निम्न हुन सक्दछन् । यस्ता विषयमा व्यवहारिक लैङ्गीक अध्ययनको खाँचो टड्कारो रुपमा देखिएको छ । जसलाई पुरा गर्ने प्रयास स्वरुप यहाँ पहल गरिएको छ । महिलाहरुको सामाजिक, आर्थिक अवस्था र परिवारमा महिला-पुरुषको लैङ्गिक भूमिकाको अध्ययन विशेष गरी परिवारिक हिंसामा कसको के कस्तो लैङ्गिक सहभागिता हुन्छ ? भन्नेबारे खोजी गर्न यो अध्ययन कार्य अगाडि बढाइएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

यस अध्ययनमा महिलाहरूले भोग्नु परेका विभिन्न प्रकृतिका हिंसालाई विभिन्न सैद्धान्तिक ढाँचामा राखेर अध्ययन गर्न सकिन्छ । खासगरी यो अध्ययनमा महिला हिंसा हुनुमा समाजका सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक कारणहरु जिम्मेवार देखिए पनि मुख्यगरी लैंगिक दृष्टिकोण (Gender Perspective) नै बढी जिम्मेवार

रहेको अनुसन्धानकर्ताको ठहर छ । समाजमा पुरुषभन्दा महिला नै बढीजसो विभिन्न खाले हिंसा एवं भेदभावजन्य व्यवहारहरुबाट प्रताडित् रहेको पाइन्छ । यस्तो अवस्था के कारणले र किन हुन पुग्यो ? भन्दा समाजले नै महिला र पुरुषको बीचमा सामाजिक भेदभाव सृजना गरेको कारण निर्णय प्रक्रिया र श्रमविभाजनका कारण महिलामाथि, कुटपिट, गालीगलौज, दुर्व्यवहार, बहुविवाह, अत्यधिक श्रम शोषण आदि प्रकारका हिंसाजन्य घटनाहरु हुने गर्दछ । जसको प्रतिफल स्वरुप पित्तृसतात्मक समाजको विकास भएको पाइन्छ । सैद्धान्तिक रुपले पित्तृसतात्मक समाज ठिकै भए तापनि सम्पत्तिको बढ्दो सञ्चय र यसले समाजमा व्यक्तिको आर्थिक हैसियतको बढ्दो प्रभावका कारण महिलाहरु दोस्रो दर्जामा रहनु परेको छ । त्यसैकारण पनि यो अध्ययनको अवधारणागत पक्षलाई अनुसन्धानकर्ताले लैंगिक पक्षबाट नियाल्ने प्रयास गरेको छ ।

## २.३ अवधारणात्मक ढाँचा

यस अध्ययनमा महिलाहरूले भोग्नु परेका विभिन्न प्रकृतिका हिंसालाई विभिन्न सैद्धान्तिक ढाँचामा राखेर अध्ययन गर्न सकिन्छ । खासगरी यो अध्ययनमा महिला हिंसा हुनुमा समाजका सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक कारणहरु जिम्मेवार देखिए पनि मुख्यगरी लैंगिक दृष्टिकोण (Gender Perspective) नै बढी जिम्मेवार रहेको अनुसन्धानकर्ताको ठहर छ । समाजमा पुरुषभन्दा महिला नै बढीजसो विभिन्न खाले हिंसा एवं भेदभावजन्य व्यवहारहरुबाट प्रताडित रहेको पाइन्छ । यस्तो अवस्था के कारणले र किन हुन पुग्यो ? भन्दा समाजले नै महिला र पुरुषको बीचमा सामाजिक भेदभाव सृजना गरेको कारण निर्णय प्रक्रिया र श्रमविभाजनका कारण महिलामाथि, कुटपिट, गालीगलौज, दुर्व्यवहार, बहुविवाह, अत्यधिक श्रम शोषण आदि

प्रकारका हिंसाजन्य घटनाहरु हुने गर्दछ । जसको प्रतिफल स्वरुप पित्तृसतात्मक समाजको विकास भएको पाइन्छ ।

सैद्धान्तिक रुपले पित्तृसतात्मक समाज ठिकै भए तापनि सम्पत्तिको बढ्दो सञ्चय र यसले समाजमा व्यक्तिको आर्थिक हैसियतको बढ्दो प्रभावका कारण महिलाहरु दोस्रो दर्जामा रहनु परेको छ । त्यसैकारण पनि यो अध्ययनको अवधारणागत पक्षलाई अनुसन्धानकर्ताले लैंगिक पक्षबाट नियाल्ने प्रयास गरेको छ । महिलाहरुमा हुने घरेलु हिंसा अर्न्तगत समाजमा देखिने विभिन्न किसीमका हिंसाका स्वरुपहरु रहेका छन् । जस अर्न्तगत विभिन्न किसीमका गालिगलौच घरपरिवारका सदस्यहरुबाट तथा समाजबाट हुने गरेका यस्ता किसीमका समस्याहरुबाट महिलाहरु प्रताडित भएको देखिन्छ । विभेदपूर्ण व्यवहार जसअर्न्तगत छोराछोरीमा विभेद छोरी र बुहारीमा विभेद कथित उपल्लो जातमा विभेद देखिने र एकल महिलाप्रति समाज र घरपरिवारले हेर्ने दृष्टिकोणका कारणले गर्दा महिलाहरुले विभीन्न किसीमका समस्याहरुको सामना गर्नुपर्ने परिस्थिती समाजको उपज रहेको पाईन्छ । आर्थिक रुपमा महिला सक्षम भएतापनि उनीहरुको त्यो हैसियतलाई महत्व नदिनु घरपरिवारका सदस्यले व्यवसायिक रुपमा संलग्न नगराई अनुत्पादनमुलक क्षेत्रमा सिमीत गर्नु औद्योगिक र व्यापारिक क्रियाकलापबाट वञ्चित गराउनु ।

शैक्षिक अवस्थाको विश्लेषण गर्दा महिलाहरुमा शिक्षालाई महत्व नदिनुका साथै शैक्षिक स्तर वृद्धिविकासमा पनि महिलालाई स्वतन्त्र रुपमा ग्रहण गर्नबाट र आफ्नो निर्णय लिनबाट वञ्चित गराउनु तथा विवाहपश्चात् कतिपयले आफ्नो शैक्षिक विकासलाई तिलाञ्जली दिनु नै महिलाहरुको बाध्यता हुन्छ ।

विभिन्न राजनैतिक दलमा संलग्न भएका पुरुष तथा घरपरिवारका अन्य सदस्यहरुले महिलामाथि भएका विभिन्न हिंसाहरुलाई खुलस्त रुपमा बाहिरै ल्याउन खोजेमा र

सामाजिकीकरण गर्न खोजेमा विभिन्न डर, त्रास, धाक र धम्कीपूर्ण वचन, व्यवहार तथा क्रियाकलाप गर्ने र कोहि कसैले त्यस्ता पारिवारीक घटना उजागर गरेको खण्डमा राजनैतिक शक्तिका आधारमा दोषिलाई कानुनको कठघरामा उभ्याउनु भन्दापनि पिडितलाई अझ बढि पिडा दने किसीमका राजनैतिक चरीत्र देखिन्छ । नेपाली समाज एक्काईसौं शताब्दिमा प्रवेश गरेतापनि मानिसको सोँचमा अझपनि परिवर्तनका झिल्का देख्न असम्भवप्रायः छ । एकल महिलालाई बोक्सीको आरोप लगाउने, कथित तल्लो जातको आधारमा महिलालाई सामाजिक क्रियाकलापमा सहभागि हुन नदिने जस्तै मठमन्दिर, धारा, सार्वजनिक स्थलहरुमा दुर्व्यवहारहरु सामना गर्नुपर्ने, उपल्लो जातिले निर्धारण गरेको मुल्य मान्यता तथा रितिरिवाज उल्लंघन गरेको आरोपमा सामाजिक बहिष्कारसम्मको सजाय खेप्नुपर्ने स्थिती यथावत् नै हावी रहेको पाईन्छ ।

# अध्याय - तीन

# अनुसन्धान पद्धति

अनुसन्धान गर्दा सूचना सङ्कलन गर्नको लागि विभिन्न प्रकारका अनुसन्धान पद्धतीहरूलाई कसरी प्रयोग गरिएको छ भन्ने कुराको वर्णन यस अध्यायमा गरिएको छ । विभिन्न प्रकारका आवश्यक र उपयोगी अनुसन्धान विधिहरु अपनाउदै अध्ययनकर्ताले असार, २०७३ मा तथ्यांकहरू सङ्कलन गरेको थियो । विशेष गरी अध्ययनलाई बढि भन्दा बढी वैज्ञानिक, विश्वासनीय र भरपर्दो वनाउनका लागि अध्ययन अवधिमा निम्न अनुसन्धान पद्धतिलाई अपनाइएको छ ।

## ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य

यस अध्ययन गर्नको लागी साविक पुरानो नैकाप हाल च.न.पा वडा नं. २१ लाई छानिएको छ । काठमाण्डौको मुख्य सहरबाट ५ कि.मि पश्चिममा अवस्थित यस वडामा एउटा सामुदायिक विद्यालय रहेको छ । यस वडाको दक्षिण विच तर्फ डौडालि खोला अवस्थित छ । च.न.पा वडा नं. २१ को अन्य छिमेकीहरुमा उत्तरतर्फ नागार्जुन नगरपालिका वडा नं. १४ रहेको छ, दक्षिणतर्फ च.न.पा वडा नं. १९ रहेको छ, पूर्वतर्फ का.म.न.पा वडा नं. १४ खड्का गाँउ रहेको छ भने पश्चिमतर्फ च.न.पा वडा नं. १८ रहेको छ । राजधानिबाट नजिक भएतापनि यस वडामा बसोबास गर्ने व्राह्म्ण, क्षेत्री, दलीत, जनजाति मध्ये व्राह्म्ण, क्षेत्रीको वाहुल्यता रहेको पाईन्छ । यहाँ बसोबास गर्ने सम्पुर्ण समुदायहरु कृषिमा आश्रीत रहेको पाइन्छ । यस वडामा बसोबास गर्ने व्यक्तिहरुको आर्थिक अवस्था त्यति सवल छैन कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरुको वाहुल्यता पाइन्छ । अनुसन्धान कार्यलाई मूर्तरुप दिन वा अध्ययन कार्यलाई क्रमबद्ध रुपमा अगाडि बढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त

स्थानको छनौटको आवश्यकता पर्दछ । त्यसैले यस शोधको लागि अध्ययन क्षेत्रको रुपमा काठमाडौं जिल्लाभित्र पर्ने च.न.पा वडा नं. २१ लाई लिएको छ । उक्त च.न.पा वडा नं. २१ लाई शोधकर्ताले छनौट गर्नुको पछाडि निम्न कारणहरू रहेका छन् ।

- यो अध्ययन क्षेत्र समय, लागत तथा अन्य जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको लागि चिरपरिचित क्षेत्र भएकोले,
- उक्त च.न.पा वडा नं. २१ महिलाहरु आफ्नै घरमा बसोबास गरेका क्षेत्र रहेको र शोधकर्तालाई महिलाहरु प्रति घरेलु हिंसाजन्य घटना एवं व्यवहारहरु हुने गर्दछन् वा छैनन्? भएका भए उनीहरुको पारिवारिक तथा महिलाहरुको स्थिति के कस्तो अवस्थामा रहेका छन् भन्ने बारेमा जान्न रुचि भएकोले,
- अध्ययन क्षेत्रभित्र रहेका टोल, बस्ती, आदि ठाउँहरुमा बेलाबखत महिलाहरुमाथि घरेलु हिंसा भएको खबरहरु स्थानीय संञ्चार माध्यमहरुमा समेत बेलाबखत छाइरहने भएको कारण च.न.पा वडा नं. २१ एक महत्वपूर्ण अध्ययन क्षेत्र हुनसक्ने ठहर अनुसन्धानकर्ताको रहेका हुनाले ।

### ३.२ अनुसन्धान ढाँचा

यो अध्ययनमा वर्णनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक अवस्थालाई वर्णनात्मक ढाँचामा जोड दिई प्रस्तुत गरिएको छ भने उनीहरुको घरपरिवार तथा समाजमा हुने घरेलु हिंसा र हिंसा हुनुका मुख्य कारणहरूको खोजी गर्न यो ढाँचालाई प्रयोग गरी विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### ३.३ अध्ययनको इकाई समग्रता र नमुना छनौट

च. न. पा वडा नं २१ म बसोबास गर्ने विवाहित महिला यस अध्ययनको इकाई हो तर यस्ता महिलालाई छनौट गर्न घरधुरीलाई आधार मानिएको छ । उक्त च.न.पा वडा नं. २१ मा कुल २०० घरधुरी छन् । जुन यस अध्ययनको समग्र हो ।

उक्त वडाको २०० घरधुरीमध्ये ५० घरधुरीका महिलाहरुमा यो अध्ययन केन्द्रित गरिएको छ । उत्तरदाताको रुपमा प्रत्येक घरधुरीबाट एक/एक जनाका दरले मात्र समेटिएको छ । यो उमेर समूहका महिलाहरु बढी जसो घरेलु हिंसाका सिकार हुने भएका कारण उक्त उमेर समूहकोलाई मात्र रोजिएको हो । नमुना छनौट गर्न र उत्तरदाता छान्दा सर्वप्रथम वडाको सम्पूर्ण घरधुरीहरुको नामवली संकलन गरियो र नामावली संकलनमा परेका सम्पूर्ण घरधुरीमध्येबाट ५० घरधुरी उद्येश्यमुलक नमुना छनौट विधिको प्रयोग गरि आवश्यकता उत्तरदाताको उत्तर दिने तत्परताका आधारमा छनौट गरिएको अनुसन्धानमा विवाहित पिडित महिलालाई मात्रै छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्कहरूको स्रोत तथा प्रकृति

यो अध्ययनमा पनि विभिन्न स्रोतहरुबाट प्राप्त हुने प्राथमिक र द्वितीय दुवैखाले स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका लागि महिलाहरुसँगको अन्तर्वार्ता, अवलोकन, प्रमुख जानकार व्यक्ति आदिबाट प्राप्त हुने आवश्यक तथ्याङ्कहरु रहेका छन् । त्यसैगरी, द्वितीय स्रोतको लागि महिला हिंसासम्बन्धी पूर्वप्रकाशित लेख, पुस्तक तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त हुने विभिन्न खाले तथ्याङ्क, गाविस तथा जिविसबाट प्राप्त हुने अभिलेख आदिमा निर्भर रहेको छ । अध्ययनको स्वरुप अनुसार तथ्याङ्कीय स्वारुप भने गुणात्मक तथा मात्रात्मक दुवैखाले रहेको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयंमले स्थलगत अध्ययन गरी निम्न विधिहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ अन्तर्वाता

अनुसन्धान एवं शोधकार्यका लागि व्यक्तिगत तथा घरधुरी सर्वेक्षणका लागि अन्तर्वार्ता सुची

बनाई अन्तर्वाता लिइएको थियो भने प्रश्नावली तयार गर्दा अर्धसंरचित र संरचित दुवै ढाँचाको प्रयोग गरिएको थियो । घरधुरी उत्तरदाताहरुको अनुकुल समय मिलाई प्रत्येक घरबाट एक/एक जना विवाहित महिला उत्तरदाताहरु समेटिने गरी जम्मा ५० जनासँग अन्तर्वार्ता लिइएको छ । उक्त अन्तर्वार्ताको लागि च.न.पा वडा नं. २१ का महिला उत्तरदाताहरूको सामाजिक, अीर्थक पक्ष तथा घरेलु हिंसाको स्वरुप, प्रकार, कारण संम्बन्धी जानकारी समेटीने गरी सरल भाषामा तयार गरीएको प्रश्नावलीहरुको प्रयोग गरिएको थियो । प्रश्नावलीको नमूना अनुसूची-१ मा दिइएको छ ।

### ३.५.२ अवलोकन

अध्ययन क्षेत्रका सूचनादाताहरूले दिन नसकेको वा नचाहेको तथ्याङ्कहरूलाई प्रत्यक्ष अवलोकन पद्धतिबाट सङ्कलन गरियो । अवलोकन गर्दा विशेषत च.न.पा वडा नं. २१ को बसोबास क्षेत्रमा रहेका एकल महिला र पारिवारिमा आश्रीत तथा भौतिक, सामाजिक तथा आर्थिक परिवेशलाई मध्यनजर गरिएको थियो । हिंसाबाट पीडित महिलाहरुको तथ्य सङ्कलन गर्न पीडित महिलाहरुमा देखिने शारीरिक यातनाका चिन्ह, यातनाले पारेका मानसिक व्यवहार, घटना संम्बन्धी उजुरी भए सम्बन्धित निकायको व्यवहार आदिको प्रत्यक्ष अवलोकन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.३ प्रमुख जानकार व्यक्तिसँगको अन्तवार्ता

अध्ययनको क्रममा च.न.पा वडा नं. २१ का एकल तथा परीवारमा आश्रीत महिलाहरूको सामाजिक, आर्थिक तथा शैक्षिक स्थिति र हिंसाका कारणहरूको बारेमा वडा कार्यालय प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, प्रहरी महिला सेल, स्थानीय शांन्ति समिति, स्थानीय समाजसेवी तथा बुद्धिजिवी, राजनीतिकर्मी तथा कार्यकर्ता एवं

बिद्यालयका शिक्षक/शिक्षिका, लगायतलाई मुख्य सूचनादाताको रुपमा लिएर उनीहरु सँगको अन्तर्वार्ता तथा कुराकानीबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ ।

- वडा कार्यालय प्रतिनीधि र अन्य कर्मचारी गरी : **३ जना**
- महिला स्वास्थ्य स्वयम्सेविका :**२ जना**
- प्रहरी महिला सेल :**२ जना**
- स्थानिय शान्ति समिती : **१ जना**
- स्थानिय समाजसेवी :**२ जना**
- बुद्धिजीवी : **२ जना**
- राजनीतिकर्मी : **५ जना**
- विद्यालयका शिक्षिकशिक्षिका : **३ जना**

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनबाट प्राप्त भएका विभिन्न खाले तथ्याङ्कहरुलाई सर्वप्रथम वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गर्दा हुने तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार नै वर्गीकरण गरिएको छ । संख्यात्मक तथ्याङ्कहरुलाई विश्लेषण योग्य बनाउन सामाजिक अनुसन्धानमा प्रयोग गरिने तथ्याङ्कीय विश्लेषण प्रविधि (Statistical Package for Social Science-SPSS) को माध्यमबाट क्रमवद्ध रूपमा तालिकीकरण गरिएको छ । गुणात्मक प्रकृतिका तथ्याङ्कलाई सन्दर्भ अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाई उचित स्थानमा प्रसतुत गरिएको छ । यसरी विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई सकेसम्म बिश्लेषण योग्य र बुझिने बनाउन सरल तालिकाको

माध्यमबाट प्रतिशतमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

कुनै पनि समुदायको सर्वेक्षण गर्नु भनेको त्यस स्थानमा बसोवास गर्ने जनसमुहको वास्तविक स्थिति थाहा पाउनु तथा उनीहरूसँग सम्बन्धित पक्षहरूको अध्ययन गर्नु भन्ने बुझिन्छ । यो अध्ययन क्षेत्रगत हिसाबले च.न.पा वडा नं. २१ मा मात्र सीमित रहेको छ । हाम्रो समाज पितृसत्तात्मक पारिवारिक ढाँचामा आधारित भएको कारणले गर्दा त्यस क्षेत्रमा महिलामाथि हुने घरेलु हिंसाको क्षेत्र बृहत् भएकोले यस अध्ययनमा निम्न प्रकारको सीमितता रहेको छ :

- यो अध्ययन सर्वेक्षण च.न.पा वडा नं. २१ मा बसोवास गर्ने महिला विरुद्ध हुने घरेलु हिंसा पिडीत महिलाहरूसँग मात्र सम्बन्धित रहेको छ ।
- समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधीको लागि मात्र यो अध्ययन गरिएको हुदां अनुसन्धानकर्ताले समय र अर्थको ख्याल गर्दै अध्ययनभित्र गर्नुपर्ने बृहत् क्षेत्रलाई समेटेर अध्यन गर्न सकिएको छैन ।
- यस अध्ययनले निश्चित क्षेत्रका नेपाली  महिलाहरुमाथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गरे पनि सम्पूर्ण नेपाली जातजातिका महिलाहरुमाथि हुने गरेका घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्छ भनेर किटान गर्न सकिदैन ।

## अध्याय-चार

## अध्ययन क्षेत्रको परिचय र घरधुरी जनसंखयाको सामाजिक र आर्थिक अवस्था

प्रस्तुत अध्यायको पहिलो खण्डमा अध्ययन क्षेत्रको भौगोलिक बनावट, घरधुरी उत्तरदाताको सामाजिक तथा आर्थिक विशेषता, महिलाहरुको स्थिति, र दोस्रो खण्डमा महिला उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक पक्षहरुको विश्लेषणलाई विस्तृत रुपमा जोड दिइएको छ ।

### ४.१ भौगोलिक अवस्थिति

नेपालका ७५ जिल्ला मध्ये विविध मनोरम प्राकृतिक वातावरणले भरिपुर्ण ऐतिहासिक, सामाजिक, राजनैतिक एवं पर्यटकिय क्षेत्रमा चर्चित काठमाडौं एक प्रमुख स्थान हो । काठमाडौं बाग्मति अञ्चलको ८ जिल्लामध्ये एक जिल्ला हो । यस जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, भक्तपुर, पश्चिममा धादिङ्ग, उत्तरमा नुवाकोट र दक्षिणमा ललितपुर जिल्लाहरुले घेरिएको छ । यो जिल्ला २७° ३४’ उत्तरी अक्षांसदेखि २७° ४९‘ उत्तरी अक्षांससम्म र ८५° १६‘ पुर्व देशान्तरदेखि ८५° ४६‘ पुर्व देशान्तरसम्म फैलिएको छ र यसको क्षेत्रफल ३९५ वर्ग कि.मि. रहेको छ । पुर्व पश्चिम लम्बाई २५ कि.मि. र उत्तर दक्षिण चौडाई १५.८ कि.मि. रहेको छ । यस जिल्लाको भु-भाग समुन्द्री सतहबाट करिव ३८१ मी. नाङ्लेभारेदेखी २७३२ मि. शिवपुरी लेक सम्मको उचाइमा अवस्थित छ ।

यस च.न.पा. २१ ले  ८ सय वर्गमिटर क्षेत्रफल ओगटेको छ । नेपाल एक प्राकृतिक सौन्दर्यले भरिपुर्ण भएको देश भएतापनि यस च.न.पा. २१ मा पर्याप्त जंगलहरु छैनन् । कारण च.न.पा. २१ एक सुख्खा डाँडो हो । त्यसैले यहाँ वनजंगल पनि पर्याप्त

मात्रामा छैनन् । यस ठाउँ पानिको मुहान नभएको कारण पानिको विकराल समस्या रहेको छ । नेपाल एक बहुजाति र बहुभाषिक राष्ट्र हो । त्यसैले यहाँ अनेक थरिका मानिसहरु बस्दछन् । यही क्रममा च.न.पा. २१ मा पनि विभिन्न जात जातिका मानिसहरुको बसोबास रहेको छ ।

## ४.२ हावापानी

हावापानीको दृष्टिकोणले बसोबास गर्ने अत्यन्त राम्रो मानिने यस जिल्लाको हावापानी विविध किसिमको पाइन्छ । धरातलीय स्वरुप अनुसार यहाँको हावापानि समशितोष्ण किसिमको पाइन्छ । जाडोमा धेरै जाडो पनि नहुने र गर्मीमा त्यति बढी गर्मी पनी नहुने भएकोले यस क्षेत्र बसोबासको लागी अति उत्तम मानिन्छ । च.न.पा. २१ मा पनि यस्तै किसिमको हावापानि पाइने भएकोले बस्नको लागी अति राम्रो स्थानको रुपमा परिचित हुँदै आएको छ ।

## ४.३ जातजाति

यस च.न.पा. २१ मा ब्राम्हण, क्षेत्री, दमाई, नेवार, ठकुरी जातिको बसोबास रहेका छन् । यी जातिहरु सबै हिन्दु बर्ण व्यवस्थामा नै आधारित रहेको पाइन्छ । यस च.न.पा. २१ मा सबैभन्दा बढी क्षेत्री र ब्राम्हण जातिका मानिसहरुको बाहुल्यता रहेको छ भने सबैभन्दा कम नेपाल थर भएका दमाई जातिका मानिसहरु रहेका छन् ।

## ४.४ भौतिक सुविधाहरुः

### शिक्षा र स्वास्थ्य

यस गाँउका समग्र जातिहरुको शैक्षिक स्तरलाई हेर्दा छोरा र छोरीमा भेदभाव पाइन्छ । छोरीलाई पनि पढाउनु पर्छ भन्ने चेतना मनभित्र दवाएर राख्ने बाबु आमा पनि यहाँ छन् ।

आर्थिक कारणले पनि कतिपय परिवारमा आफ्ना बालबालिकाहरुलाई उचित शिक्षा

दिक्षा दिन नसक्ने अवस्था रहेको छ । च.न.पा. २१ हाल दलितहरुलाई नेपाल सरकार शिक्षा मन्त्रालयले निःशुल्क शिक्षा व्यवस्था गरेता पनि माध्यमिक स्तरको शिक्षाको अवसर लिनेहरुको संख्या ज्यादै न्युन रहेको छ । बालबालीकाहरुलाई सानै उमेरमा आय आर्जनको काममा लगाउने प्रचलनले पनि बालबालीकाले पढाईतिर ध्यान दिन नपाएको बुझीन्छ । यस च.न.पा. २१ मा एउटा सामुदायिक विद्यालय रहेको छ ।

**यातायात**

यस च.न.पा. २१ मा यातायातको लागी सार्वजनिक यातायातको कुनै व्यवस्था नभएको र यातायातको लागी छिमेकि गाउँ र नागार्जुन नगरपालीकामा निहित हुनु परेको हुदाँ यातायातको समस्या जटिल रहेको छ ।

**सुचना तथा संचार**

विकासको पुर्वाधारको रुपमा महत्वपुर्ण मानिएको सूचना तथा संचारका साधनहरु समाजको विकासको लागी आवश्यक तत्वहरु हुन् । हालको सुचना प्राविधिको युगमा संचार क्षेत्रको विकास विना समाजको विकास असम्भव छ । यस च.न.पा. २१ मा प्राय सबैको घरमा फोनको सुविधा रहेको छ । मोबाइल, टि. भि. र इन्टरनेटको विकाससंगै उक्त साधनहरु प्रयोग गर्ने जमातपनि उल्लेख्य रुपमा रहेको छ ।

**४.५ कृषि**

यस च.न.पा. २१ मा विभिन्न पेशा अँगाल्ने व्यक्तिहरु रहेका छन् । अन्य पेशाको तुलानामा कृषि पेशा यहाँको मुख्य पेशा हो । यहाँ खेती गरिने तरिका अहिलेसम्म पनि परम्परागत पद्धतिको नै रहेको छ । पानिको संकटका कारण यस क्षेत्रमा कृषिको लागी

सिंचाइको कुनै व्यवस्था छैन । यहाँका अधिकांश जमिन टार परेको छन् र खेती गर्न आकाशे पानीमा नै भर पर्नुपर्ने अवस्था रहेको छ । समयमा पानी नपर्ने, खेती गर्ने परम्परागत पद्धतिका कारण कृषि उत्पादकत्व ज्यादै न्युन रहेको छ । यहाँको मुख्य बाली धान, गहुँ, जौ, भटमास, कोदो, तोरी, मकै आदि रहेको छन् । खेतीबारीमा काम गर्नका लागी महिला र पुरुष दुबैको संलग्नता रहेको पाइन्छ । खेतीबारीमा प्रांगारीक र रासायनिक दुबै मलको प्रयोग गरिन्छ तर हाल प्रांगारीक मल भन्दा रासायनिक मलको प्रयोग निकै बृद्धि भएको पाइएको छ ।

## ४.६ व्यवसाय

यस क्षेत्रको मुख्य पेशा कृषि भएतापनि यहाँका मानिसहरु सरकारी, निजि क्षेत्रको नोकरीमा पनी संलग्न रहेको छन् । हाल आएर वैदेशिक रोजगारीमा जानेको संख्या पनी उल्लेख्य मात्रामा रहेको छ । खेतबारीमा काम नभएको समयमा घरमै बसी धुप बाट्ने र सिलाईबुनाई सम्बन्धी कामहरु गरी बैकल्पिक आय आर्जन तर्फ पनि यहाँका मानिसहरु रहेका छन् ।

## ४.७ धर्म र संस्कृति

नेपाल एक बहुजातिय, बहुभाषिक र धार्मिक सहिष्णुता भएको अति सुन्दर मुलुक हो । यहाँ प्राचिन कालदेखि नै विविध जनजाति, धर्म, पेशा, भाषा, मुल्य मान्यताहरु रही आएको पाइन्छ । यसरी आकारमा सानै भएपनि भौगोलीक अवस्थिति, प्राकृतिक स्वरुप र जलवायुको विविधाताका बीचमा नेपाललाई साझा घर बनाएर थुप्रै जातजातिका मानिस बस्दै आएका छन् । कुल जनसंख्याको ८०% भन्दा बढी मानिसहरु हिन्दु धर्म मान्दछन् । बौद्ध धर्म, इस्लाम धर्म, जैन धर्म, इसाई धर्म आदि

मान्नेको संख्या पनि उल्लेख्य मात्रामा रहेको छ । त्यस्तै चाडवाडमा दशैं, तिहार, माघे संक्रान्ति, जनैपूर्णिमा आदि मान्दछन् । यहाँको सबै भन्दा ठुलो जात्रा सातगाउँलेको जात्रा हो ।

## ४.८ घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरु

घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरुमा घरधुरी जनसंख्याको उमेर र लिंग, पारिवारको किसिम, वैवाहिक स्थिति, शैक्षिकस्तर, मुख्य पेशा, र धर्म तथा संस्कृतिलाई यस खण्ड अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ४.८.१ घरधुरी जनसंख्याको उमेर र लैगिंक संरचना

कुनै पनि तोकिएको निश्चित सिमाभित्र आवद्ध मानव विवरण वा संख्यालाई जनसंख्या भनिन्छ । घरधुरी जनसंख्याको कुरा गर्दा यहाँ जनसंख्याको संरचनालाई उमेरगत आधारमा तीन खण्डमा (०-१० बर्ष, ११-५९ बर्ष र ६० बर्षभन्दा माथि) विभाजन गरी अध्ययन गरिएको छ । जसलाई तालिका ४.१ मा देखाइएको छ ।

**तालिका ४.१: उमेर र लिंगको आधारमा ५० घरधुरी जनसंख्याको वितरण**

| उमेर समुह | लिंग | | | | जम्मा जनसंख्या (%) |
|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | |
| ०-१० | २८ | २६.९२ | ३३ | २८.२० | ६१ (२७.६०) |
| ११-५९ | ५६ | ५३.८४ | ६९ | ५८.९७ | १२५ (५६.५६) |
| ६० भन्दा माथि | २० | १९.२३ | १५ | १२.८२ | ३५ (१५.८३) |
| जम्मा | १०४ | १००.० | ११७ | १००.० | २२१ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका ४.१ अनुसार ०-१० बर्ष उमेर समूहका पुरुष र महिला गरी जम्मा २७.६० प्रतिशत रहेको छ । त्यसैगरी ११-५९ वर्ष उमेर समुहमा महिला तथा पुरुषको संख्या सबैभन्दा बढि ५६.५६ प्रतिशत रहेको देखिन्छ । आर्थिक एवं सामाजिक हिसावले यो उमेर समूहका जनसंख्यालाई महत्वपूर्ण मानिन्छ । अर्कोतिर, ६० बर्ष वा सोभन्दा माथिका उमेर समूहका पुरुष र महिलाको जनसंख्या भने जम्मा १५.८३ प्रतिशत मात्र रहेको छ ।

## ४.८.२ परिवारको किसिम

कुनै पनि ब्यक्ति जन्मेपछि पहिलो सम्पर्क उसको परिवारसँग हुन्छ । उसको रेखदेख लालन पालन परिवारमा नै हुन्छ । उसलाई कस्तो बनाउने भन्ने कुरामा परिवारकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । घरको जेठो पाकोले घरमुलीको रुपमा निर्णय गर्ने गरेका पाइन्छन् भने परिवार सानो र सुखी होस् भन्ने चाहना त सबैले राख्दछन् । एकै परिवारमा हजुरवा, हजुरआमा, बाबु, आमा, दाजु, भाउजु, फुपु, भदा, भदैसँगै बसेको संयुक्त परिवार पनि देखिन्छ । च.न.पा वडा नं. २१ मा बसोबास गर्ने पुरानो नैकापका महिलाहरुको पारिवारिक बनोटलाई तालिका ४.२ बाट अझ स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.२: घरधुरी उत्तरदाताहरुको पारिवारिक संरचना**

| परिवारको प्रकार एवं किसिम | घरधुरी संख्या | जम्मा प्रतिशत (%) |
|---|---|---|
| एकल | ३२ | ६४ |
| संयुक्त | १८ | ३६ |
| जम्मा | ५० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७३

तालिका ४.२ मा भएअनुसार एकल परिवारको ढाँचामा जम्मा ३२(६४%) वटा घरधुरीहरु मात्र रहेका छन् । त्यसैगरी संयुक्त परिवारिक ढाँचामा सबैभन्दा बढि १८(३६%) घरधुरीहरु रहेका भेटिएका छन् । यसरी च.न.पा वडा नं. २१ को ५० घरधुरिमा बढि जसो एकल परिवारिक ढाँचामा रहनुको कारण भने उनीहरु आफ्नो र बालबालिकाको हेरचाह गर्न सहज हुने भएकाले हो भन्ने कुरा उत्तरदाताहरुले बताउने गरेको पाइन्छ ।

### ४.८.३ घरधुरी जनसंख्याको वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्था हो जुन मानिसले आफ्नो वंश, परम्परा र समाजलाई निरन्तरता दिन उमेर पुगेकाहरुले आफै गर्ने वा अभिभावकहरुले गरिदिने गर्दछ । अध्ययन क्षेत्रका महिलाहरुका घरधुरी जनसंख्याको वैवाहिक स्थितिलाई हेर्ने हो भने तालिका ४.३ अनुसारको स्थिति त्यहाँ रहेको पाइन्छ ।

**तालिका ४.३: घरधुरी जनसंख्याको विवाहिक स्थिति (१० बर्षभन्दा माथि)**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| ाविवाहित | ६० | ३७.०५ |
| ऋविवाहित | ६६ | ४१.२५ |
| विधवा/विदुर | ३० | १८.७५ |
| पारपाचुके गरेको | ४ | २.०५ |
| जम्मा | १६० | १००.० |

स्रोत: स्थलगत अध्ययन, २०७३

अध्ययनका लागि छानिएका ५० घरधुरीका जम्मा २२१ जनसंख्यामध्ये ६१ जना १० बर्षभन्दा कम उमेरका रहेका छन् । यो उमेर समूहकालाई नाबालकको रुपमा हेरिने

हुँदा उनीहरुलाई वैवाहिक सम्बन्धका बारेमा पनि सोधिदैन । उमेर पुगेका उत्तरदाताहरुको वैवाहिक स्थितिलाई हेर्दा अधिकांश रुपमा (४१.२५%) अविवाहित हुनेहरुको संख्या बढी रहेका छन् । यसरी अविवाहित बढी हुनुमा हाल ढिलो विवाह गर्ने प्रचलन र रोजगारीको अभाव प्रमुख रहेको उत्तरदाताहरुले औंल्याए । त्यस्तै विवाहित हुनेहरुको जनसंख्या केवल (३७.०५% प्रतिशत मात्र भेटिए भने १८.७५ प्रतिशत घरधुरी जनसंख्या विधवा/विदुर रहेका छन् । त्यसैगरी विवाह भएर पनि श्रीमान्/श्रीमतीबीच मनमुटाव भई अलग्गै वा सम्वन्द विच्छेद गरेर बसेकाहरु २.०५ प्रतिशत भेटियो । यसरी सम्बन्ध विच्छेद गर्नेहरुले भने कानुनी प्रक्रिया नअपनाउने गरेको पाइन्छ ।

### ४.८.४ घरधुरी जनसंख्याको शैक्षिक अवस्था

च.न.पा.वडा नं. २१ का महिला घरधुरीको शैक्षिक स्थितिको अध्ययन गर्दा करिब एक चौथाई जनसंख्या अझै अशिक्षित नै देखिन्छन् । नेपालको सन्दर्भमा हेर्दासमेत ६ वर्ष र सो भन्दा माथिकालाई साक्षरता भए नभएको सोधिन्छ ।

अध्ययन क्षेत्रका घरधुरी जनसंख्याको शैक्षिक अवस्थालाई निम्न तालिका ४.४ बाट स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.४: घरधुरी जनसंख्याको शैक्षिक अवस्था (६ बर्षभन्दा माथि)**

| शैक्षिक तह एवं स्तर | पुरुष | महिला | जम्मा (%) |
|---|---|---|---|
| निरक्षर | ८ | १८ | २६ (१३.१९) |
| साक्षर मात्रै | २० | १५ | ३५ (१७.७६) |
| प्राथमिक तह | २८ | ३४ | ६२ (३१.४७) |
| माध्यमिक वा एस.एल.सी | १९ | २६ | ४५ (२२.८४) |
| उच्च माध्यमिक तह | १० | १० | २० (१०.१५) |
| स्नातक तह वा सोभन्दा माथि | ५ | ४ | ९ (४.५६) |
| जम्मा | ९० | १०७ | १९७ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथि उल्लेखित तालिका ४.४ अनुसार कुल घरधुरी जनसंख्याको १३.१९ प्रतिशत मात्रै निरक्षर रहेका छन् भने साधारण लेखपढ् गर्न सक्नेहरु १७.७६ प्रतिशत रहेको छ । त्यसैगरी प्राथमिक तहको अध्ययन पुरा गर्नेहरु सबैभन्दा बढी ३१.४७ प्रतिशत रहेको पाइयो भने माध्यमिक तह वा एस.एल.सी. सम्मको पढाई पुरा गर्नेहरु २२.८४ प्रतिशत छ । उच्च माध्यमिक तहको शिक्षा पुरा गर्नेहरु १०.१५ प्रतिशत र स्नात्तक वा सोभन्दा माथिको शैक्षिक उपाधि प्राप्त गर्नेहरु जम्मा ४.५६ प्रतिशत मात्र रहेको छ ।

### ४.८.५ घरधुरी जनसंख्याको पेशागत विवरण

गाँस, बास र कपासको परिपूर्तिको लागि अर्थात् बाँच्ने र बचाउने प्रक्रियामा हरेक व्यक्तिहरुले कुनै न कुनै पेशा अवश्य गर्ने गरेको हुन्छ । खासगरी सामाजिक रुपमा

आफ्नो पुर्खौली पेशाका रुपमा खेतीपाती, पशुपालन, आदि रहेको देखिन्छ । अध्ययन क्षेत्रमा रहेका घरपरिवारहरुको आफ्नै पुर्खैली पेशा भए तापनि अन्य पेशामा समेत उनीहरुको संलग्न रहेको छ । आयस्रोतका लागि उनीहरुले खेतीपाती वा ज्याला मजदुरी लगायत वैदेशिक रोजगार, स्थानीय संघसंस्था तथा विद्यालयहरुमा नोकरी गरी जीवन चलाउने गरेको देखिन्छ । तालिका ४.५ मा घरधुरी जनसंख्याको पेशागत विवरणलाई उल्लेख गरिएको छ ।

**तालिका ४.५: घरधुरी जनसंख्याको पेशागत विवरण (१० बर्षभन्दा माथि)**

| मुख्य पेशा | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४५ | २८.१२ |
| अध्ययन | ३४ | १९.२० |
| ज्याला मजदुरी | २० | ११.२९ |
| घरायसी काम गर्ने | २० | ११.२९ |
| वैदेशिक रोजगार | १८ | १०.१६ |
| राजनीति वा समाजसेवा | ९ | ५.०८ |
| अशक्त | ७ | ३.९५ |
| नोकरी | ५ | २.८२ |
| व्यापार | २ | १.१२ |
| जम्मा | १६० | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका ४.५ अनुसार अधिकांशले कृषि कार्यलाई आफ्नो मुख्य पेशा मानेको देखिन्छ जुन कुल घरधुरी जनसंख्याको २८.१२ प्रतिशत छ । त्यस्तै अध्ययन मात्रै संलग्न भएकाहरु १९.२० प्रतिशत रहेको छ, जुन अधिकांश स्कूले केटाकेटीहरु हुन् ।

ज्यालादारी र घरायसी काम गर्नेहरु ११.२९ प्रतिशत रहेको छ भने वैदेशिक रोजगारमा जानेहरु १०.१६ प्रतिशत, समाजसेवा वा राजनीति रोज्नेहरु ५.०८ प्रतिशत, अशक्त ३.९५ प्रतिशत, नोकरी गर्नेहरु २.८२ प्रतिशत र स साना व्यापार गर्नेहरु १.१२ प्रतिशत रहेका छन् । पशुपालनलाई कृषिको परिपुरकको रुपमा लिइएको छ । यस क्षेत्रमा गाई, भैसी, दुधको लागि पालिने गरिएको छ । त्यसैगरी खसी, बोका, कुखुरा आदिलाई मासु र आम्दानीका लागि पाल्ने गरिएको छ । पशुपालन हेरचाह गर्नमा महिलाहरु बढी नै व्यस्त रहेको देखियो  र बाली खनजोत, गोडमेल, ज्यालादारी र पर्मको काम पनि महिलाहरुले गर्ने गरेका पाईन्छ ।

अध्ययन क्षेत्रभित्र च.न.पा वडा नं. २१ को समुदायहरूको बीचमा हुने श्रम विभाजन र निर्णय गर्ने तरिकामा खास गरी कृषि, पशुपालन, तरकारी खेतीमा बढी श्रम महिलाहरूले नै गर्ने गरेको पाइयो । विउ छर्ने, गोडमेल गर्ने, बाली काट्ने काममा लगभग ६०.० प्रतिशत भन्दा बढीमा महिलाहरूको संलग्नता पाइएको छ भने व्यापार गर्ने, विक्रि वितरण केन्द्रमा पुऱ्याउने र नगद कारोबारमा पुरुषहरूको संलग्नता तुलनात्मक रुपमा बढि देखिन्छ । यसरी समग्रमा भन्नुपर्दा श्रममा महिलाको संलग्नता बढी रहेता पनि निर्णय प्रक्रियामा भने उनीहरुको पहुँच न्युन रहेको पाइन्छ ।

## अध्याय ५

## ५.१ उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विशेषताहरु :

यस खण्डमा उत्तरदाताको रुपमा छानिएका महिलाहरुको उमेर, शिक्षा, सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्थाहरुको बारेमा विस्तृत चर्चा गरिएको छ ।

### ५.१.१ उत्तरदाताको उमेर

अध्ययनका लागि छनौटमा परेका विवाहित महिला उत्तरदाताहरूको उमेरगत अवस्था हेर्ने हो भने १९ वर्ष भन्दा कम उमेर समूहमा १२ जना अर्थात २४ प्रतिशत, २०-५९ वर्ष उमेर समूहमा २८ जना अर्थात ५६ प्रतिशत रहेका छन् । त्यसैगरी ६० वर्ष भन्दा बढी उमेर समूहमा १० जना अर्थात २० प्रतिशत उत्तरदाताहरु रहेको छ । जसलाई तलको तालिका ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.२ : उत्तरदाताहरूको उमेरगत विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १९ बर्ष भन्दा कम | १२ | २४ |
| २०-५९ बर्ष | २८ | ५६ |
| ६० भन्दा बढी | १० | २० |
| जम्मा | ५० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका ५.१.२ लाई बिश्लेषण गर्दा अध्ययन क्षेत्रका ५० जना महिला उत्तरदाताहरुमध्ये सबैभन्दा धेरै २०-५९ बर्ष उमेर समूहका छन् । यो उमेर समूहका महिलाहहरुले आफ्नो उमेरसँगै घरगृहस्थी सम्हाल्न शुरु गर्ने गर्दछन् भने यही उमेरमा

नै उनीहरुको विवाह पनि हुन्छ । काम र जिम्मेवारीको हिसावले यो उमेरलाई परिपक्व मानिन्छ भने यसै उमेरमा उनीहरुमा घरपरिवार र समाजबाट हुने विभिन्न प्रकारका हिंसा र दुर्व्यवहारका घटनाहरु हुने पनि गर्दछन् । विवाहित महिला उत्तरदाताहरूको विवाहिता उमेरलाई हेर्दा १६ जना अर्थात् ३२ प्रतिशत उत्तरदाताहरुले १९ बर्ष भन्दा कम उमेरमा विवाह गरेको देखिन्छ भने २२ जना अर्थात ४४ प्रतिशतको २०-२४ बर्षमा विवाह भएको पाइयो । त्यसैगरी २५-२९ बर्षभित्र विवाह गर्नेहरु १२ (२४.०%) जना रहेका छन् ।

**तालिका ५.१.३. : उत्तरदाताहरुको वैवाहिक उमेर**

| विवाहित उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १९ बर्ष भन्दा कम | १६ | ३२.० |
| २० वर्ष देखि २४ | २२ | ४४ |
| २५ देखि २९ भन्दा बर्ष माथि | १२ | २४ |
| जम्मा | ५० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७३

तालिका ५.१.३ लाई विश्लेषण गर्दा अधिकांश महिलाहरुको विवाह सानै उमेरमा भएको देखिन्छ । शैक्षिक चेतनाका कमीको कारणले आफ्नो गाउँ, घर तथा समाजमा चाडै विवाह गरिदिने वा आफै गर्ने प्रचलन उनीहरुमा रहेका छन् । यसरी सानै उमेरमा हुने विवाहले उनीहरुको प्रजनन् क्षमतामा असर पार्नुका साथै घरमुलीबाट सानै उमेरदेखि घरेलु हिंसाजन्य घटनाहरुबाट प्रताडित हुने संम्भावना बढी देखिन्छ । घरमा श्रीमान्, सासू/ससुरा तथा परिवारका अन्य सदस्यहरुबाट हुने दुर्व्यवहार विरुद्ध उमेरकै कारणले खुलेर प्रतिवाद गर्ने साहस उनीहरुमा हुँदैन । तसर्थ सानो उमेर देखि नै उनीहरु हिंसाजन्य व्यवहारबाट प्रताडीत हुने गरेको उनीहरु स्वीकार्छन् ।

### ५.१.४ उत्तरदाताको शैक्षिक अवस्था

महिलाहरूको शैक्षिक अवस्था पुरुषको तुलनामा केही कमी मात्र देखिन्छ । विगतको तुलनामा हाल आएर शिक्षाको महत्वप्रति नेपाली समाज सचेत हुन थालेको छ तर पनि अझै ग्रामीण क्षेत्रका महिलाहरू शिक्षाको अवसरबाट वन्चित हुनुपरेको स्थिति देखिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरुको शैक्षिक स्थिति भने बिद्यालय तहसम्मको मात्र देखिन्छ । समग्रमा औपचारिक शिक्षा हासिल गरेका महिलाहरुको संख्या बढी रहेको पाइयो । तालिका ४.१० मा उत्तरदाताहरुको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.५ : उत्तरदाताको शैक्षिक विवरण**

| **शैक्षिक स्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| साधारण लेखपढ | १७ | ३४ |
| प्राथमिक तह | ७ | १४ |
| माध्यमिक तह | १५ | ३० |
| उच्च माध्यमिक तह | ११ | २२ |
| जम्मा | ५० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७३

महिलाहरूको शैक्षिक अवस्थालाई प्रस्ट्याउने प्रयास गरिदा कुल ५० उत्तरदाताहरुमध्ये साधारण लेखपढ गर्ने महिलाको संख्या ३४ प्रतिशत, प्राथमिक स्तरको पढाई पुरा गरेका महिलाहरुको संख्या १४ प्रतिशत, माध्यमिक तहको ३० प्रतिशत र उच्च माध्यमिक तहको शिक्षा पुरा गर्नेहरु २२ प्रतिशत मात्र रहेका छन् ।

## ५.२ आर्थिक अवस्था

अध्ययन क्षेत्रका अधिकांश महिला उत्तरदाताको पेसा कृषि रहेको छ भने त्यस पछि मजदुरी गर्नेको संख्या बढी छन् । जागिर तथा ब्यापार ब्यवसाय गर्नेहरु भने निकै कम देखिन्छ । धेरैजसो महिलाहरुको स्वआर्जनको माध्यम कृषि नै देखिन्छ ।

**तालिका ५.२.१ : उत्तरदाताहरूको पेशागत विवरण**

| **मुख्य पेशा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| कृषि | ३० | ६० |
| जागिर (नोकरी) | ५ | १० |
| व्यापार | ५ | १० |
| ज्याला मजदुरी | १० | २० |
| जम्मा | ५० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७३

उत्तरदाता महिलाहरुले आफ्नो परिवार धान्नको लागि ६० प्रतिशतले कृषि कार्य गर्ने गरेको देखिन्छ (तालिका ४.११) । त्यस्तै १० प्रतिशत नोकरीमा आवद्ध छन् भने १० प्रतिशत वयापारमा , २० प्रतिशत ज्याला मजदुरी  गर्ने गरेको पाईयो ।

## अध्याय - छ

## महिलाले भोगेको घरेलु हिंसा, हिंसाको प्रकार र कारणहरु

प्रस्तुत अध्ययमा महिलामाथि हुने घरेलु हिंसासम्वन्धी  महिला उत्तरदाताहरुको धारणालाई बुझ्ने प्रयास स्वरुप उनीहरुको विचारलाई सुक्ष्म रुपले प्रस्तुत गरिएको छ । त्यसैगरि उनीहरु माथि हुने हिंसाको स्वरुप एवं त्यसको प्रकार, हिंसा हुनुको खास कारण र महिलाहरुले हिंसालाई सहनुपर्ने मुख्य सामाजिक तथा आर्थिक कारणहरुको विस्तृत चर्चा यस अध्ययमा गरिएको छ ।

### ६.१ च.न.पा २१ का महिलाहरू माथि हुने घरेलु हिंसासम्बन्धी महिलाहरुको धारणा

च.न.पा २१ का महिलाहरू पनि आफ्नो श्रीमान र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमान शिक्षित भए पनि खराब संगतका कारण श्रीमतीलाई शारीरिक र मानसिक दुवै यातना दिएका छन् । परिवारका अन्य सदस्यहरु जस्तै सासू, ससुरा, नन्द र देवर, आदिबाट समेत विवाहित महिलाहरुले मानसिक यातना भोग्दै आएका छन् । विधवा महिलाहरू परिवार देखि समाजबाट समेत अपहेलित भएको कुरा शतप्रतिशत उत्तरदाताहरुले स्वीकारेका छन् । तर समग्रमा हेर्दा धेरै जसो श्रीमानबाट पीडित बनेको पाइयो भने सासु, ससुरा, जेठानी, आमाजू, नन्दलगायत परिवारका सदस्यहरुले घरको कामको विषयलाई लिएर गालीगलौज गरेको तथा श्रीमानलाई कुरा लगाइ पिट्न लगाएको उत्तरदाताहरुले बताए । एकल महिलालाई देवरले यौन दुर्व्यवहार गर्ने गरेको, हेला र घृणाको पात्र बनाउने गरेका केही उत्तरदाताको भनाइ छन् । सकेसम्म सहेर बस्नु नै उत्तम हुने र आफ्नै श्रीमान तथा परिवारका सदस्यहरुको विरुद्ध जान नहुने धारणा पनि उनीहरूमा देखिन्छ । यसको मूल कारण पारिवारिक विचलन हुने र पिडित महिलासँग आयआर्जनको स्रोत नभएको कुरामा

उनीहको जोड छ । अध्ययन क्षेत्रभित्रका शतप्रतिशत महिलाहरुले महिलामाथि दुर्व्यवहारहरु कुनै न कुनै ढंगबाट हुने र त्यसलाई राम्ररी नै बुझेका छन् । विशेषत महिलामा हुने शिक्षाको कमी, आर्थिक गरिबी, महिलालाई आफ्ना अधिकारप्रति सचेत बनाउने प्रयास नहुदां महिलाहरु हिंसाबाट पिडित भएको स्वीकार्छन् । समाजमा महिलालाई हेर्ने परम्परागत सोच, मूल्य मान्यतामा परिवर्तन ल्याउने खालका कार्यक्रम संचालन गर्नुपर्ने महिला हिंसा अन्त्यका लागि महिला पुरुष ऐक्यबद्ध भई अघि बढ्नु पर्ने कुरा तर्फ उनीहरुको संकेत देखिन्छ । सीपमूलक तालिमले आय आर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफूमा आत्मविश्वास जगाउन सक्ने हुन्छ र सोही कारणले हिंसा सहेर बस्ने बाध्यता नरहने धारणा शतप्रतिशत उत्तरदाताहरुको रहेको छ ।

हिंसा भनेको सबैको लागि खराव हो भन्ने कुरामा समेत शत्प्रतिशत महिला उत्तरदाताहरुको बुझाई रहेको छ । घरेलु हिंसाका दोषीलाई कानुनी दायराभित्र ल्याउनका लागि घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानुन यथाशिघ्र पारित भई लागु गर्न आवश्यक छ । महिलालाई हेर्ने रुढिवादी मूल्य मान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुदृढ, शिक्षित तथा आत्मनिर्भर गराउने तर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक छ भने विद्यमान लैङ्गिक धारणाहरू हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रम ल्याउन जरुरी भएको छ, तब मात्र हिंसा कम गर्न सकिन्छ भन्ने धारणा उत्तरदाताहरूको रहेको छ ।

## ६.२ महिलाहरुमाथि हुने घरेलु हिंसाका प्रकारहरू

महिलाहरुको भनाईलाई लिंदा अध्ययन क्षेत्रभित्र पाँच प्रकारको महिला हिंसाका स्वरुपहरु रहेका पाइयो । मुख्यगरी *'कुटपिट', 'गालीगलौज', 'यौन दुर्व्यवहार', 'यौन शोषण' र 'गर्भपतन'* हुन् भने अन्यमा *'खानपिनमा भेदभाव' र 'नबोल्ने'* आदि पर्दछन् ।

अध्ययन क्षेत्रका महिलाहरुले बहुप्रकारको घरेलु हिंसाहरु सहनु बाध्य भएको देखिन्छ भने एउटामात्रै हिंसाबाट नभई कम्तीमा २/४ वटा हिंसाका घटनाहरुबाट पिडित् हुनुपरेको समेत उनीहरु बताउँछन् । जसमा गालीगलौजका घटना सबैभन्दा बढी भएका र त्यसबाट पिडित हुनेहरु पनि बढी नै रहेको देखिन्छ । तसर्थ अध्ययन क्षेत्रभित्र बहुप्रकारका हिंसाहरु देखिने र महिलाहरु बढीजसो आफ्नो श्रीमान, सासु/ससुराबाट पिडित भएको उनीहरुको भनाई रह्यो ।

**तालिका ६.१: महिलामाथि हुने हिंसाको स्वरुप तथा प्रकार**

| महिलाले भोगेका मुख्य हिंसा | प्रताडित हुनेहरुको जम्मा संख्या र प्रतिशत | |
|---|---|---|
| कुटपिट | १० | २० |
| गालीगलौज | १६ | ३२ |
| यौन दुर्व्यवहार | ४ | ८ |
| यौन शोषण | ११ | २२ |
| गर्भपतन | ३ | ६ |
| अन्य (नबोलिदिने, खानपिनमा भेदभाव र छेडछाड गर्ने) | ६ | १२ |
| जम्मा | ५० | १००.० |

**स्रोत : स्थलगत अध्ययन, २०७३**

तलिका ६.१ ले अध्ययन क्षेत्रभित्र हुने घरेलु हिंसाको प्रकार र त्यसबाट प्रताडित हुनेहरुको संख्यालाई प्रस्तुत गरेको छ । कुल ५० जना उत्तरदाताहरुमध्ये २० प्रतिशत महिलाहरु कुटपिटबाट प्रभावित हुनाका कारण जाँडरक्सीको अत्याधिक प्रयोग पश्चात हुने घटना र घरका सदस्यहरुले आफ्नै श्रीमान्लाई विभिन्न वाहानामा कुरा लगाई कुटपिट गरिने घटना पाईयो ।त्यस्तै ३२ प्रतिशत उत्तरदाताले गालीगलौजलाई सामान्य

रुपमा लिएको हुँदा कालान्तरमा यसले मानसिक पीडा दिएको वा गालीगलौज नै हिंसाका प्रमुख स्रोत तथा स्वरुप भएको बताए । यसरी गालीगलौज नै हिंसाको प्रमुख कारण बन्नुमा दुई परिवारहरुको बीचमा भएको अमिल्दो सामाजिक हैसियत र बुहारीले सासूप्रति गरिने आदरभाव वा सत्कारबीच असन्तुलन हुँदा प्रकट भएको पाइन्छ । यसैगरी यौन दुर्व्यवहारजन्य हिंसाबाट पनि महिलाहरु बढि नै पीडित भएको देखिन्छ जुन ८ प्रतिशत रहेका छन् । आफ्नै श्रीमानले जुनसुकै समयमा जथाभावी हातपात गर्ने व्यवहारलाई दुर्व्यवहारको रुपमा महिलाहरुले लिएका छन् । यस्ता यौन दुर्व्यवहारहरु घरभित्र मात्रै नभई घरबाहिर रहने छिमेकी पुरुषहरुले समेत गर्ने गरेको महिलाहरु बताउँछन् । यौन शोषणजन्य हिंसामा पिडीत महिलाहरु २२ प्रतिशत रहेका छन् । आफ्नो ईच्छा विपरीत जुनसुकै समयमा श्रीमानले यौन सम्बन्ध राख्ने गरेको उत्तरदाताले बताए । त्यस्तै ६ प्रतिशत महिलाहरु छोराको चाहनामा श्रीमानको दवावमा गर्भाधान गर्ने तथा छोरी भए गर्भपतन गर्नुपर्ने बाध्यताबाट पीडित रहेको पाइयो । र, अन्य प्रकारका सामान्य हिंसाहरुः जस्तै कोट्याउने, छेडछाड पूर्ण भनाई, नबोलीदिने तथा सँगै खानपिनमा बस्दा भेदभावहरु हुने आदिबाट, १२ प्रतिशत महिलाहरु प्रताडित भएका छन् । तालिका ६.१ लाई थप विश्लेषण गर्दा महिलामाथिको हिंसा नेपाली समाजमा शताब्दीऔ देखि रहिआएको यथार्थ सर्वविदितै छ । यस्ता विकृति र विसङ्गतिहरूलाई हटाउन समाजमा रहेका हरेक तह र तप्काबाट उचित कदम चालिनुपर्ने अपरिहार्यता रहेको देखिन्छ । महिलाहरू प्रायः शारीरिक तथा मानसिकरुपले प्रताडीत हुने गरेको पाइएको छ । यहांका महिलामाथि हुने हिंसा अन्तर्गत विशेषगरी सामान्य खाले कुटपिट तथा गालीगलौज, श्रीमान्बाट बढी यौन शोषण, खान लाउन नदिई घरबाट निकाला गर्ने, जबर्जस्ती हातपात, गर्भपतन आदि पर्दछन । यी मध्ये धेरैजसो कुटपिट, गालीगलौज वा दुबैबाट पिडित हुनेको संख्या केही बढी रहेको पाइन्छ ।

### ६.३ महिलामाथि हिंसा हुनुका कारणहरू

सामान्यतया समाजमा हुने हिंसाका मुख्य कारणहरु सामाजिक, आर्थिक तथा शैक्षिक कारणहरु नै बढी जिम्मेवार रहेका छन् । यसबाट नेपाली समाज पनि अछुतो रहेको छैन । भु:स्वामित्व, पैतृक सम्पत्ति र निर्णय प्रक्रियामा महिलाहरुको नियन्त्रण नहुनु तथा अनुत्पादक क्षेत्रमा मात्रै महिलाहरुलाई सिमित गरिनुले आर्थिक रुपमा महिलाहरु कमजोर देखिन्छ । छोरीहरुको छिटो विवाह गरिदिनु, ढिलो विद्यालय पठाउनु र घरका कामकाजमा बढी व्यास्त राख्नुले महिलाहरु शैक्षिक रुपमा पछाडि रहेको याथर्थता हरेक समुदायमा पनि रहेको छ । महिलामाथि हिंसा हुनुमा कुनै एउटामात्र कारण नभई बहुप्रकारको कारणहरु रहेको तालिका ५.२ ले देखाएको छ । हरेक विवाहिता महिला उत्तरदाताहरुले विभिन्न कारणले हिंसा सहनु परेको छ । यस्ता हिंसाका मुख्य कर्ता आफ्नै श्रीमान, सासू/ससूरा, जेठानी/देवरानी, नन्द/आमाजू आदि हुन् ।

**तालिका ६.४ महिलामाथि हिंसा हुनुका प्रमुख कारणहरु**

| **हिंसाका मुख्य कारणहरू** | **प्रताडित हुनेहरुको संख्या र प्रतिशत** | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| जाँड रक्सीको बढी सेवन | १३ | २६ |
| गरिबी तथा कमजोर आर्थिक अवस्था | १३ | २६ |
| अशिक्षा | ८ | १६ |
| बहुविवाह | ४ | ८ |
| बेरोजगारी | १२ | २४ |
| जम्मा | **५०** | **१००.०** |

स्रोत : स्थलगत अध्ययन, २०७३

महिलाहरुमाथि हुने हिंसाका घटनाहरु हुनुका कारणहरूको खोजी गर्दा मुख्य रुपमा 'जाँड रक्सीको अत्यधिक सेवन' नै प्रमुख कारण रहेको पाइन्छ (तालिका ५.२) । जाँडरक्सीको सेवनकै कारण हुने हिंसाबाट कुल उत्तरदातामध्ये २६ प्रतिशत प्रभावित भएका छन् । त्यस्तै कूल उत्तरदातामध्ये २६ प्रतिशतले 'गरिबी तथा कमजोर आर्थिक अवस्था' ले खानलाउन नपाउदा परिवारमा झगडाको स्थिति उत्पन्न हुने र त्यसको मार आफूहरुमा परेकोले पारिवारिक हिंसा सहन बाध्य भएको छ । महिलाप्रतिको दृष्टिकोणमा परिवर्तन नहुदा, रुढिवादी चिन्तन एवं धारणा र अशिक्षाको आँडमा आफूहरुमाथि हिंसा हुने गरेको उत्तरदाता महिलाहरु बताउछन् जुन १६ प्रतिशतको हाराहारीमा रहेको पाइयो । समाजमा हुने 'बहुविवाह' (८%) तथा 'बेरोजगारी' (२४%) को कारणले पनि परिवारमा कलह निम्त्याई श्रीमान/श्रीमती बीच झगडा हुने र त्यसबाट बढी जसो महिलाहरु पिडीत हुने गरेका छन् । यस्ता विभिन्न कारणहरुले महिलामाथि हुने यस्ता हिंसाजन्य व्यवहारहरुले गर्दा अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक तथा आर्थिक स्थितिमा नकारात्मक असर परेको छ भन्दा अत्यूक्ति हुने छैन ।

महिलाको घरपरिवारमा भइरहने हिंसाका घटनाहरुको विश्लेषण गर्दा महिलाहरू विभिन्न कारणबाट हिंसाका शिकार भएका छन् । जसमध्ये जाँडरक्सीको प्रयोग तथा सेवन नै हिंसाको एक प्रमुख कारण हो जुन बेरोजगारी र कुलतले गर्दा हुन्छ र यसले सामाजिक तथा आर्थिक समस्याहरु निम्त्याउछ ।

अर्कोतिर समाजमा तुलनात्मकरुपले महिलाहरु पुरुषले गर्ने हिंसाको शिकार बन्ने गरेको भए पनि उनीहरुमाथि हुने हिंसामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि कारणहरू त्यति धेरै जिम्मेवार नरहे पनि व्यक्तिगत हिसावले भन्दा सामान्य रुपमा सासु/ससुराबाट प्रताडित हुनुपरेको उत्तरदाताहरु बताउछन् । श्रीमान र सासूबाट हुने यस्ता व्यवहारले आफ्नै नाता सम्बन्ध, तथा घरपरिवारका सदस्यबाट

शारीरिक, मानसिक तथा यौनसम्बन्धी यातना खेप्नु परेको दुखेसो महिलाहरुको छ । महिलालाई कुटपिट तथा अमानवीय कार्य गर्ने, बहुविवाह, खान लाउनमा विभेद आदि सांस्कृतिक चालचलन तथा कारणहरुले उनीहरुको आत्मा कमजोर हुने गरेको छलफलका सहभागीहरु बताउछन्। उल्लेखित हिंसाका कारणहरूलाई प्रश्रय दिने कार्य पितृसत्तात्मक समाजले गर्दै आएको हो । परिवार वा छरछिमेकमा महिलामाथि हुने दुर्व्यवहार, कलह वा झै झगडाहरुलाई कुनै व्यक्ति, परिवार वा छरछिमेकको सहारामा मिलाउने गरेको घटनाहरु पनि छलफलका सहभागीहरुले बताउने गरेका थिए ।

## ६.५ महिलाहरुले हिंसा सहनुको कारण

आफ्नो घरपरिवारमा हुने महिला हिंसाका घटनाहरु आफ्नै परिवारका सदस्यहरुबाट बढी हुने हुनाले यस्ता हिंसाका घटना वा झैझगडाहरु सहेर बस्नु बाहेक अर्को विकल्प नभएको देखिन्छ । अध्ययन क्षेत्रका महिलाहरुले पनि यस्ता हिंसाजन्य व्यवहारहरुलाई विगत देखि नै सहदै आइरहेको छ । खासगरी आफ्नो वा परिवारको इज्जत जाने डर, घरपरिवार वा समाजबाट निकालिने डर, अशिक्षा, बालबच्चाको भविश्य र विवाह भएपछि आफ्नो परम्परा एवं संस्कृतिलाई निरन्तरता दिइरहनु पर्ने आदि कारणले महिलाहरु आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहेरै बस्ने गरेको उदाहरणहरु समाजमा पर्याप्त रहेको पाउन सकिन्छ । जुन कुरा महिलाहरुले पनि गर्दै र भोग्दै आएका छन् । अध्ययनको समयमा महिलाहरुमाथि हुने जघन्य हिंसालाई सहेर बस्नुपर्नु कारण के हो भनेर सोधिएको थियो । जुन कुरा तालिका ५.३ ले समेत प्रष्ट पारेको छ ।

**तालिका ६.५.१ हिंसा सहेर बस्नुको मुख्य कारणहरु**

| **हिंसा सहनुका मुख्य कारणहरू** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| इज्जत जाने डर | १५ | ३० |
| समाजबाट निकालिने डर | ७ | १४ |
| अशिक्षा | ९ | १८ |
| घरबाट निकालिने डर | १० | २० |
| अन्य (बच्चाको भविश्य, परम्परा तथा संस्कृतिलाई धान्नु पर्ने भएकोले) | ९ | १८ |
| जम्मा | ५० | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका ६.२.१ अनुसार अध्ययन क्षेत्रका महिला उत्तरदाताहरुले आफ्नो घरपरिवारमा हुने महिला हिंसाका घटनाहरु सहनुको पछाडि प्रमुख कारण आफ्नो र परिवारको 'इज्जत जाने डर' (३०%) का कारण लोग्ने तथा परिवारका सदस्यबाट हुने हिंसाजन्य व्यवहारहरु सहेको बताए । त्यस्तै ७ (१४.०%) जनाले 'समाजबाट निकालिने डर' का कारण सहन बाध्य भएको बताए भने १८ प्रतिशतले 'अशिक्षा' को कारणमा जोड दिए । हुन पनि  महिलाहरुसँग आयआर्जनका लागि चाहिने ज्ञान तथा शीपको कमी रहेको पाइन्छ । यसरी महिलाहरुसँग पर्याप्त शीप नहुदा र पैतृक सम्पत्तिमा पुरुषको एकलौटी हकअधिकार हुदां उनीहरु पुरुषमाथि भर पर्नुपरेको छ । जसले गर्दा आफूमाथि हुने विभिन्न हिंसाजन्य व्यवहारहरु सहन गर्नु परेको स्पष्ट छ । त्यस्तै २० प्रतिशतले 'घरबाट निकलिने डर' का कारण हिंसा सहनुको विकल्प नभएको बताए । ९ जना अर्थात १८ प्रतिशतले भने अन्य विभिन्न कारणहरु जस्तै बच्चाहरूको भविष्यका लागि आफ्नो जातिको संस्कृति र परम्परानुसार चल्नुपर्ने भएकोले आफूमाथि हुने हिंसाजन्य

व्यवहारहरु सहेको बताए । यसरी समग्रमा महिलाहरुले आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहनुमा विविध कारणहरू जिम्मेवार रहेका छन् । एकातिर आफ्नै श्रीमान तथा परिवारकै सदस्यहरु मुख्य कर्ता भएकोले उनीहरु विरुद्ध कानुनी उपचारमा जादैनन् । अर्कोतिर, सहयोगी संघसंस्थाहरुमा जानकारी दिंदा भोलीको भविश्य अनिश्चित हुने र सोही परिवारमै जीवन गुजार्नु पर्ने अवस्था आउने भएका कारण चुपचाप सहनु परेको अधिकाश छलफलका सहभागीहरुको भनाई छ । आफूमाथि भएको हिंसाको रिपोर्ट गर्दा कानुनले केही सहयोग त गर्छ, फेरि त्यही परिवारमा जीवन गुजार्नु वा बिताउनु पर्छ, जसले गर्दा पनि महिलाहरुमाथि भएको हिंसाको विरुद्ध लड्ने साहास उनीहरुमा प्रस्फुटन हुन सकेको छैन । त्यसैले गर्दा अध्ययन क्षेत्रअन्तर्गत अधिकांश उत्तरदाताले आफ्नो श्रीमान तथा परिवारका अन्य सदस्यबाट भएका कुटपिट तथा गालिगलौजका घटनामा उजुरीका लागि जानुपर्ने आवश्यकता पनि ठान्दैनन् र गरेका पनि छैनन् ।

महिलाहरुले हिंसा सहनुका अन्य कारणहरूमा अशिक्षा, चेतनाको अभाव, आफ्नो आयआर्जनको बाटो नभएकाले र बच्चाहरूको भविष्यका लागि बाध्यता वश पनि आफू माथि हुने दुर्व्यवहारहरु खुलेर भन्न नचाहेको अध्ययन अवधिमा प्रष्ट देखियो । यसका लागि उचित कानुन बन्न नसक्नु र भएका कानुन प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नुले पनि महिलाहरुले हिंसा सहेर बस्ने परिपाटी कायम रहेको देखिन्छ ।

यसरी व्यवहारिक रुपमा उत्तरदाता महिलाहरू जुन किसिमले पीडित बनेका छन् सोही अनुरुप जानकारी दिन हिच्किचाहट भएको पाइएको छ । मुख्य सूचनादाताहरूले, यसो हुनाका कारण कानुनी चेतनाको अभाव, शिक्षाको अभाव, प्रभावकारी रुपमा उपचार पाइन्छ भन्ने जनविश्वासको कमी, अन्याय सहेर बस्ने कमजोर मानसिकता, सामाजिक मान्यता, पितृसत्तात्मक परिपाटी, आफ्नो अधिकारप्रति उदाशिनता, र सरल र सुलभ रुपमा उपचार प्राप्त नहुने अवस्थालाई प्रमुख ठान्दछन् ।

## अध्याय-सात

## सारांश तथा निष्कर्ष

### ७.१ सारांश

नेपाल सदियौदेखि पितृसत्तात्मक संरचनामा हुर्किंदै आएको हुनाले सम्पुर्ण महिला जगत्ले शोषण, दमन, यातना तथा हिंसाजन्य पिडाहरूलाई भोग्दै र सहदै आउनु पर्ने बाध्यता र विवशताले गर्दा पनि महिला हिंसाको अन्त्य हुन सकेको छैन । यसैले महिला हक हित र अधिकारको सुनिश्चितता ग्यारेन्टी मात्र नभई व्यवहारमा लागू गर्नैपर्छ अनि मात्र सभ्य र सुसूचित समाजको निर्माण हुन सक्छ यस कुरामा कसैको पनि दुईमत पाउन सकिदैन । कानुन बन्नुपर्छ तर कानुन बन्नु मात्र पर्याप्त हुँदैन जसबम्म त्यो कानुनको कार्यान्वयन हुँदैन, आज महिला र पुरुषबीच भइरहेको दुरीको खाडल मेट्दै , महिला भएकै कारणले भोग्नु परेको हिंसाको उन्मुलन गर्दै विकासको मूल प्रवाहमा महिलाको सहभागिता गराउनै पर्छ अनि मात्र एउटा सभ्य समाजको कल्पना गर्न सकिन्छ ।

त्यसैले महिलामाथि भएको हिंसा शारीरिक यातना मात्र होइन, मानसिक, धार्मिक, कानुनीरुपमा भएको यातनालाई पनि महिलामाथिको हिंसा मान्नुपर्ने हुन्छ । खासगरी यस अध्ययनको मुख्य उद्देश्य भनेको च.न.पा. वडा नं. २१ मा महिलाहरूमाथि हुने घरेलु हिंसाको प्रकार र कारणहरुको खोजी गर्नु हो । उनीहरूको सामाजिक, आर्थिक पृष्ठभूमिमा हुने घरेलु हिंसा, हिंसाको प्रकार र कारणहरुलाई यस अध्ययनमा समीक्षा गरिएको छ ।

यस अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा च.न.पा. वडा नं. २१ छनौट गरिएको थियो । उक्त गाविसका वडा नं २ लाई अध्ययनको उदेश्य अनुरुप चिठ्ठा विधिले

छानिएको हो । छानिएका वडामा रहेका कुल २०० घरधुरीभित्र ५० संगणना विधिको प्रयोग गरी प्रत्येक घरधुरीबाट एक/एक जना महिला उत्तरदाताहरु छनौट गरिएको थियो । उत्तरदातासँग प्रश्नावलीसूचीको माध्यमबाट अन्तर्वार्ता लिइएको थियो । महिला हिंसाका प्रकार र कारणलाई जान्न समूह छलफल, जानकार व्यक्तिसँगको अन्तरवार्ता र अवलोकन आदि तौरतरिकाहरु अपनाइएको छ । अध्ययनका क्रममा प्राथमिक तथा द्वितीय दुवै खाले तथ्याङ्कको संकलन गरिएको थियो भने तथ्याङ्कीय स्वरुप भने गुणात्मक तथा मात्रात्मक दुवै रहेको छ । संकलित तथ्यांकलाई तालिकीकरण गरी विश्लेषणत्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

अध्ययनको लागि छानिएका कुल ५० महिला परिवारभित्र १०४ जना पुरुष र ११७ जना महिला गरी जम्मा २२१ घरधुरी जनसंख्या रहेको छ । उमेरगत अवस्थालाई हेर्दा सबैभन्दा बढि २०-५९ वर्ष उमेर समूहका ६५.६२ प्रतिशत रहेका छन् भने सबैभन्दा कम १९ वर्ष मुनिका १२.५ प्रतिशत मात्र रहेका छन् । त्यस्तै ४४ प्रतिशत १६ देखी २० वषको उमेरमा वढी विवाह भएको देखिन्छ ।  अधिकांश महिलाहरुको विवाह सानै उमेरमा हुनुमा कमजोर आर्थिक अवस्था र शैक्षिक चेतनाका अभाव रहनुलाई मुख्य कारण मानेका छन् ।

अध्ययन क्षेत्रका ९३.७५ प्रतिशत महिला घरधुरी जनसंख्याहरु साक्षर रहेको पाइयो भने बाँकी निरक्षर रहेका छन् । जसमा उच्च माध्यमिक तहको शिक्षा पुरा गर्नेहरु ६.२५ प्रतिशत मात्र रहेको छ । उत्तरदाताहरुको शैक्षिक स्थिति भने तुलनात्मक रुपमा बिद्यालय तहसम्मको देखिन्छ । समग्रमा औपचारिक शिक्षा हासिल गरेका महिलाको संख्या भने बढी छ ।

४० प्रतिशत उत्तरदाताहरुको मुख्य पेशा कृषि रहेको छ । त्यस्तै १६.० प्रतिशत ज्यालामजदुरी, १० प्रतिशत जागिर र २० प्रतिशत घरायसी काम, १० प्रतिशत व्यापार

र ४ प्रतिशतले स्थानीय क्षेत्रको विकास कार्यमा संलग्न रहेका छन् ।

अध्ययन क्षेत्रभित्रका शतप्रतिशत महिलाहरुले महिलामाथि हुने हिंसा तथा दुर्व्यावहारहरुलाई कुनै न कुनै ढंगबाट राम्ररी नै बुझेका छन् । सीपमूलक तालिमले मात्र आयआर्जनको बाटो खोलिदिने र महिलामा आत्मविश्वास बढ्न सक्ने भएकोले महिलाहरु हिंसा सहेर नबस्ने धारणा शतप्रतिशत उत्तरदाताहरुको रहेको छ । शतप्रतिशत उत्तरदाताहरुले हिंसा सबैको लागि खराव हुने कुरा बताए भने विद्यमान लैङ्गिक धारणाहरू हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रमले मात्र हिंसालाई केही कम गर्न सक्ने धारणा उत्तरदाताहरूको रहेको छ ।
महिलाहरू खासगरी आफ्नो श्रीमान र परिवारका अन्य सदस्यबाट हिंसाजन्य व्यवहारबाट पीडित भएको पाइएको छ । श्रीमानले अत्यधिक रक्सी सेवन गरी श्रीमतीलाई शारीरिक र मानसिक दुवै यातना दिएका उत्तरदाताहरुले बताए ।

महिलाहरुमा हुने घरेलु हिंसा अर्न्तगत समाजमा देखिने विभिन्न किसीमका हिंसाका स्वरुपहरु रहेका छन् । जस अर्न्तगत विभिन्न किसीमका गालगलौच घरपरिवारका सदस्यहरुबाट तथा समाजबाट हुने गरेका यस्ता किसीमका समस्याहरुबाट महिलाहरु प्रताडित भएको देखिन्छ । विभेदपूर्ण वयवहार जसअर्न्तगत छोराछोरीमा विभेद छोरी र बुहारीमा विभेद कथित उपल्लो जातमा विभेद देखिने र एकल महिलाप्रति समाज र घरपरिवारले हेर्ने दृष्टिकोणका कारणले गर्दा महिलाहरुले विभीन्न किसीमका समस्याहरुको सामना गर्नुपर्ने परिस्थिती समाजको उपज रहेको पाईन्छ ।

आर्थिक रुपमा महिला सक्षम भएतापनि उनीहरुको त्यो हैसियतलाई महत्व नदिनु घरपरिवारका सदस्यले व्यवसायिक रुपमा संलग्न नगराई अनुत्पादनमुलक क्षेत्रमा सिमीत गर्नु औद्योगिक र व्यापारिक क्रियाकलापबाट वञ्चित गराउनु ।

शैक्षिक अवस्थाको विश्लेषण गर्दा महिलाहरुमा शिक्षालाई महत्व नदिनुका साथै शैक्षिक स्तर वृद्धिविकासमा पनि महिलालाई स्वतन्त्र रुपमा ग्रहण गर्नबाट र आफ्नो निर्णय लिनबाट वञ्चित गराउनु तथा विवाहपश्चात् कतिपयले आफ्नो शैक्षिक विकासलाई तिलाञ्जली दिनु नै महिलाहरुको बाध्यता हुन्छ ।

विभिन्न राजनैतिक दलमा संलग्न भएका पुरुष तथा घरपरिवारका अन्य सदस्यहरुले महिलामाथि भएका विभिन्न हिंसाहरुलाई खुलस्त रुपमा बाहिरे ल्याउन खोजेमा र सामाजिकीकरण गर्न खोजेमा विभिन्न डर, त्रास, धाक र धम्कीपूर्ण वचन, व्यवहार

तथा क्रियाकलाप गर्ने र कोहि कसैले त्यस्ता पारिवाररकि घटना उजागर गरेको खण्डमा राजनैतिक शक्तिका आधारमा दोषिलाई कानुनको कठघरामा उभ्याउनु भन्दापनि पिडितलाई अझ बढि पिडा दने किसीमका राजनैतिक चरीत्र देखिन्छ । नेपाली समाज एक्काईसौं शताब्दिमा प्रवेश गरेतापनि मानिसको सोँचमा अझपनि परिवर्तनका झिल्का देख्न असम्भवप्रायः छ । एकल महिलालाई बोक्सीको आरोप लगाउने, कथित तल्लो जातको आधारमा महिलालाई सामाजिक क्रियाकलापमा सहभागि हुन नदिने जस्तै मठमन्दिर, धारा, सार्वजनिक स्थलहरुमा दुर्व्यवहारहरु सामना गर्नुपर्ने, उपल्लो जातिले निर्धारण गरेको मुल्य मान्यता तथा रितिरिवाज उल्लंघन गरेको आरोपमा सामाजिक बहिष्कारसम्मको सजाय खेप्नुपर्ने स्थिती यथावत् नै हावी रहेको पाईन्छ । महिलाहरुको भनाईलाई लिंदा उनीहरु एउटामात्रै हिंसाबाट मात्रै नभई कम्तीमा २/४ वटा घरेलु हिंसाका घटनाहरुबाट पिडित् रहने गरेको पाइन्छ । सबैभन्दा बढि ३२ प्रतिशतले गालीगलौजका घटना सहेको बताए भने ८ प्रतिशत जति यौन दुर्व्यवहारजन्य हिंसा भोगेका छन् । हिंसाको रुपमा कुटपिट भने २० प्रतिशत, यौन शोषणजन्य व्यवहार २२ प्रतिशत, गर्भपतन जन्य हिंसा ६ प्रतिशत र अन्य सामन्य प्रकारका हिंसाहरु भने १२ प्रतिशत रहेको पाइयो ।

महिलामाथि हिंसा हुनुमा मुख्य कारणहरू भने अत्याधिक जाँड रक्सीको (२६%) प्रयोग रहेको छ । त्यस्तै २६ प्रतिशत गरिबी, १६ प्रतिशत अशिक्षा, ८ प्रतिशत बहुविवाह, २४% बेरोजगार रहेको पाइयो ।

महिलामाथि हुने हिंसामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि कारणहरू त्यति जिम्मेवार नरहे तापनि व्यक्तिगत हिसावले सासु/ससुराबाट बढि प्रताडित हुनुपरेको उत्तरदाताहरुको छ । समग्रमा खासै ठूलो स्वरुपमा महिला हिंसाका घटनाहरु भने नभएको देखिन्छ । यसो हुनुमा उक्त जातिभित्र महिलाहरुको हैसियत् पुरुष सरह नै भएको अधिकांश उत्तरदाताहरु सहमत रहेको देखिन्छ ।

यसरी महिलाहरुले हिंसा सहनुको कारणहरु भने ३०% उत्तरदाताहरुले आफ्नो र परिवारको इज्जत जाने डरका कारण हिंसाजन्य व्यवहार सहेको बताए । त्यस्तै १४.०% ले समाजबाट निकालिने डर, १८ प्रतिशत अशिक्षाको कारण, २० प्रतिशत घरबाट निकलिने डरका कारण हिंसा सहनु परेको कुरा खुलाए भने बाँकी १८ प्रतिशतले भने बच्चाहरूको भविष्यका लागि, संस्कृति र परम्परा अनुसार चल्नुपर्ने भएकोले कारणलाई बताए ।

## ७.२ निष्कर्ष

नेपाल एक ग्रामीण कृषि अर्थतन्त्रमा आधारित राष्ट्र हो, यहाँका झण्डै ८१ प्रतिशत जनताले कृषिलाई जीवनयापनको प्रमुख माध्यम बनाएका छन् भने यस अध्ययन स्थलमा पनि पेशाको रुपमा कृषि, जागिर, व्यापार, मजदुरी आदि गरी घरपरिवार चलाउन महिला पुरुष दुवैको सक्रिय योगदान रहेको छ । अध्ययन क्षेत्रका महिलाहरुमाथि हुने गरेका घरेलु हिंसाका घटनाहरु हेर्दा सामान्य खालका अर्थात न्यून

तहको नै देखिन्छन् तापनि अन्य छरछिमेक तथा परिवारहरुले थाहा पाउने पो हुन् कि भन्ने मनस्थिति भने सबैमा रहेको देखिन्छ । शिक्षा र चेतनाको अभाव, बालबच्चाको भविष्य र श्रीमानको दवावले गर्दा हिंसा सहने बानी परेको अधिकांश महिलाहरुको भनाई रहेको देखिन्छ ।

घरेलु हिंसाबाट पीडित (हिंसाको शिकार बनेका) महिलाहरू कानुनी उपचारका लागि प्रहरी वा कुनै संघसंगठनमा उजुरी गर्नु भनेको थप हिंसाको शिकार बन्नु हो भन्ने ठानी उनीहरु कानुनी उपचारको खोजी गर्न जाने गरेको पाइदैन । कमजोर शिक्षा, जिविकोपार्जनका लागि ज्ञान, सीप र स्रोतसाधन नहुंदा महिलाहरुले हिंसाको उजुरी गर्न नचाहेको देखिन्छ भने अर्कोतिर महिलासम्बन्धी उजुरी सुन्ने स्थानीय स्तरमा कानुनी निकायको समेत अभाव रहेको छ ।

खासगरी श्रीमान र सासुबाट विवाहित महिलाहरु बढी पिडित हुने गरेको छ । विपन्न वा उच्च परिवार जे भए पनि हरेक घरपरिवारमा रहेका महिलाहरु कुनै न कुनै प्रकारको घरेलु भेदभाव एवं दुर्व्यवहारबाट प्रभावित भएको देखिन्छ भने बढी जसो गालीगलौज र मानसिक यातनाजन्य हिंसाहरु हुने गरेको पाइन्छ । खास गरी विकृतिका रुपमा रहेको मादक पदार्थको अत्यधिक सेवन नै महिलामाथि हुने हिंसाको प्रमुख कारण रहेको देखिएको छ । आफ्नो मान, इज्जत, आयआर्जनको बाटो नभएको, अशिक्षा, बच्चाहरूको भविष्य र आफ्नो संस्कृति तथा परम्परागत व्यवहारहरुलाई धान्नुपर्ने बाध्यताले गर्दा परिवारमा हुने त्यस्ता साना तिना घरेलु हिंसालाई सहेरै बस्ने गरेको महिलाहरुमा झल्कन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, प्रकाश, (२०५६), *"सुखको आस र एच.आइ.भी. ग्रसित पतिसंगको सहवास".* प्रत्युष वन्त, शोभा गौतम र अमृता बास्कोटाद्वारा संपादितः छापामा महिला, नेपाल प्रेस इन्स्टिच्यूट, काठमाण्डौ ।

अन्तरिम संविधान, (२०६३), *नेपालको आन्तरिम संविधान, २०६३ ।* नेपाल सरकार कानुन किताव व्यवस्था समिति, काठमाडौं, नेपाल ।

नेपालको संविधान, २०७२ । नेपाल सरकार कानुन किताव व्यवस्था समिति, काठमाडौं, नेपाल ।

उच्चस्तरीय कार्यदलको प्रतिवेदन, (२०६८), *नेपाल सरकार, अदिवासी जनजाति सूची*

थापा, नैनकला र सपना प्रधान-मल्ल, (२०६५), *'महिला अधिकार', राष्ट्रिय महिला आयोग, फागुन, २०६५ ।*

बराल, वासु (२०५०), *हिन्दु सामाजिक संगठनको प्रारुप*। साझा प्रकाशन, काठमाण्डौ पृष्ठ संख्या ।

नेपाल अधिराज्यको संविधान, (२०४७), *नेपाल अधिराज्यको संविधान, २०४७*, । श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताव व्यवस्था समिति, काठमाडौं नेपाल ।

पाण्डे, रोजिना, (२०६४), *'सकसपूर्ण सम्बन्धहरू', दृष्टि प्रकाशन, ८ साउन, काठमाडौं* २०६४ ।

पौड्याल, वीणा, (२०६७), *विविध आयाममा नेपाली महिला* । काठमाण्डौंः पैरवी बुक हाउस ।

प्रश्रित, मोदनाथ (२००१), *'जातपात र छुवाछुतको उत्पत्ति र विकास'*, काठमाण्डौंः साझा प्रकाशन, ।

महिला, कानुन र विकास मञ्च, (२०५९), *घरेलु हिंसाविरुद्धको कानुनसम्वन्धि जानकारी पुस्तिका ।* थापाथली, काठमाडौं नेपाल ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, (१९९८), *'बालबालिका बेचविखान विरुद्धको राष्ट्रिय कार्ययोजना',* महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, काठमाडौं नेपाल ।

रोका, हरि, (२०६५), *"महिला अधिकार र वर्तमानमा महिलाको स्थिति"* राष्ट्रिय महिला आयोग, फागुन , २०६५ ।

गीरी, बालिका, (२०७३), "महिला हिंसाको बेलीविस्तार" कान्तिपुर दैनिक ।

Acharya, M., (1997), *Gender Equality and Empowerment of Women - A Study Report Submitted to UNFPA* (Kathmandu: UNFPA)

Beijing Declaration, (1995), Beijing Declaration and Platform for Action: Fourth world Conference on Women, September, 1995

Bennett, Lynn, (1983), *Dangerous Wives and Sacred Sister: Social and symbolic roles of High Caste Woman in Nepal*, Columbia University Press

Giri, Balika March 8 , www.onlinekhabar.com .

Bhasin, Kamala, (1993), *Understanding Gender*: Kali for Women, New Delhi

Census, (2011), *"Population Census of Nepal"*, Central Bureau of Statistics, Thapathali, Kathmandu, Government of Nepal

LACC (2007), *Conflict and Violence against Women*, Legal Aid Consultancy Center (LACC), Lalitpur, 2007

Luitel, Samira (1992), *Women and Development*, Published by B.P. Luitel, Kathmandu, Nepal

Pauline, Bart B, (1991), *Feminist Theories* Etzkowitz, Henry & Glsssman M. Ronald editions

Ritzer, George, (1996), *Modern Sociological Theory*, New Delhi, McGraw Hill Company New Delhi

UN, (1995), *Beijing Plat From for Action*, United Nation, New York

UNDP, (2001), *Human Development Report* (2001), Kathmandu *Nepal*

UNICEF, (2006), *Situation-Analysis of Women & Children in Kathmandu: A Country Report*, *Nepal*

Word Bank, (2008), *Annual Report*, The World Bank, Washington DC

## अनुसुची- १

## स्थलगत सर्वेक्षण अध्ययनका लागी तयार गरीएको नमुना प्रश्नावली

मितिः

१. उत्तरदाताको नामः

घर सख्यांः टोलः वडा नं.:

नगरपालीकाः उमेरः

२. परिवारको किसिम

क. एकल ख.सयुंक्त

३. के तपाइ लेखपढ गर्न सक्नु हुन्छ ?

क. सक्छु ख. सक्दिन

यदि सक्नुहुन्छ भने,

क. प्राथमिक ख.माध्यामिक ग. उच्च शिक्षा

४. तपाइको विवाह कस्तो प्रकारको हो ?

क. प्रेम विवाह ख. मागी विवाह ग. कानुनी विवाह ध. अन्य

५. तपाइको विवाह कुन उमेरमा भएको हो ?

क. १६वर्ष अगाडी ख. १६ देखि २० वर्षको बीचमा ग. २० वर्षपछाडी

६. तपाइ छोरा र छोरी मध्ये कसलाई महत्व दिनु हुन्छ ?

क. छोरी ख. छोरा ग. दुवै बराबर

७. तपाइको कतिजना बालबालिकाहरु छन् ?

क. छोराको सख्या...... ख. छोरीको सख्या.....

८. तपाइले आफनो बालबालिकालाई कहाँ जन्म दिनु भएको हो ?

क. घरमा ख. अस्पताल वा स्वास्थ्य चौकिमा ग. दुवै ठाउँमा

९. तपाइको विचारमा कति वर्षको उमेर विवाहको लागि उपयक्त हुन्छ ?

क. १५ देखि १८ वर्षको उमेर	ख. १९ देखि २२ वर्षको उमेर

ग. २३ देखि २५ वर्षको उमेर	घ. २५ वर्षको उमेर भन्दा माथि

१०. परिवार नियोजबारे तपाइको धारणा के रहेको छ ?

क. परिवार नियोजन गर्नुपर्छ ख. परिवार नियोजन गर्नुहुन्न

११. परिवार नियोजन लागि तपाइले कुन उपाय अपनाउनु भएको छ ?

क. स्थायी	ख. अस्थायी

१२. सासु ससुराबाट तपाईलाई कस्तो व्यवहार गरिन्छ ?

क.परिवारको सदस्य नै होइन जस्तो ख.कतैबाट आश्रय लिन आएको जस्तो ग. अन्य....

१३. तपाइका श्रीमानले तपाई प्रति हेर्ने दृष्टिकोण कस्तो छ?

क.कमारी जस्तो ख.वस्तुको रुपमा ग.अन्य

१४. तपाइको नाममा कुनै अचल सम्पती छ वा छैन?

क.छ	ख.छैन

१५. तपाइले परिवारका लागी दिइने सल्लाह अथवा कुनै सकारात्मक निर्णयलाई मान्य गरी स्वीकार गरिन्छ वा गरिदैन?

क.गरिन्छ ख.गरिदैन भने किन......

१६. तपाई घरधन्दामा मात्र सिमित हुनुका कारणहरु के के हुन्?

क.

ख.

ग.

घ.

१७. तपाइको योग्यता भएतापनि तपाइले जागिर किन खानु भएन?

क.परिवारको दवावले ख.परिवार सम्पन्न भएकाले ग.अन्य......

१८. तपाइलाई आफ्ना हक अधिकारलाई प्रयोगमा ल्याउनु पर्छ भन्ने थाहा छ ?

क.छ	ख.छैन

१९. छ भने किन सम्बन्धित निकायलाई जानकारी गराउनु भएन ?

क.परिवारको डरले ख.परिवारको दवावले  ग.सन्तानको मायाले  घ.अन्य....

२०. विभिन्न संघ सस्था सरोकारवाला मार्फत महिलाको हक र अधिकारलाई सुरक्षा प्रदान गर्दै आएकोमा के तपाइलाई यस विषयमा केहि थाहा छ वा छैन ?

२१. के तपाईलाई श्रीमानले कुटपिट गर्नुहुन्छ? किन?

क

ख.

ग.

घ.

२२. के तपाईको श्रीमानले छोरी मात्र पाएकोमा लाञ्छना लगाउनु हुन्छ ?

२३. विवाह पछि तपाईले आफ्नो  पठन-पाठनलाई किन निरन्तरता दिनु भएन् ?

२४. अरु पुरुष सगँको कुराकानी गराईले तपाईका श्रीमान किन रुष्ट हुनुहुन्छ ?

२५. श्रीमानले कमाएको तपाईलाई दिनुहुन्छ कि हुदैन/हुदैन भने आफनो खर्च कसरी जुटाउनु हुन्छ ?

२६. खेतीपाती तथा पशुपालनबाट आएको आम्दानी तपाईको हुन्छ कि हुदैन/हुदैन भने किन ?

२७. तपाईको श्रीमानले तपाईको गर्भ प्रति किन लाञ्छना लगाउनु भयो ?

क. छोरी भएर  ख. दाईजो नल्याएर  ग. यौन असन्तुष्टी  घ. आफन्तको दबाब

२८. सामुहिक उत्सवमा तपाईको श्रीमानले सहभागी हुन दिनु हुन्छ कि हुदैन ?

२९. तपाईको माइती र आफन्त आउँदा कस्तो व्यवहार हुन्छ ?

३०. माइतीबाट प्राप्त वस्तुहरुमा पूर्ण अधिकार हुन्छ कि हुदैन ?

३१. तपाई कतै गएर ढिलो घर फर्कदा कस्तो व्यवहार हुन्छ ?